# नेपाल चिन्तन

## एक मार्गदर्शक



**प्रकाशक :**

केन्द्रीय कमिटी
नेपाल कम्युनिष्ट पार्टी (माले)
रातोपुल, काठमाडौं ।

सातौं राष्ट्रिय महाधिवेशनद्वारा पारित

**नेपाल चिन्तन : एक मार्गदर्शक**

**प्रकाशक :**
केन्द्रीय कमिटी
नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)
रातोपुल, काठमाडौं ।

फोन : ०१-४४६९०३३
फ्याक्स : ०१-४४६९०३५
इमेल : cpnml.cc@gmail.com
वेभसाइट : www.cpnml.org.np

पहिलो आवृत्तिः १८, जेठ २०७३
प्रकाशित संख्याः ५००० प्रति
कम्प्युटर : नेकपा (माले) डेस्कटप

**सहयोगः**

रू. ३०।- मात्र
दक्षिण एशियामा राष्ट्रिय मुद्रा २०।-
अन्य मुलुकमा $ 1

## प्रकाशकीय ..........

२०७३ बैशाख २५-२८ काठमाण्डौमा पार्टीको सातौं राष्ट्रिय महाधिवेशन आयोजना गर्ने नेकपा (माले) को छैटौं केन्द्रीय कमिटीको १२ औं पूर्ण बैठकले **'नेपाल चिन्तन'** सम्बन्धी महत्वपूर्ण दस्तावेज मस्यौदा गर्न सातौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटीका संयोजक तथा पार्टी महासचिव क. सी.पी. मैनालीलाई जिम्मा दियो। महासचिव कमरेडद्वारा मस्यौदा गरिएको उक्त दस्तावेजलाई महाधिवेशन आयोजक कमिटीको सचिवालयको रुपमा कार्यरत पार्टीको पोलिटब्युरोलाई बैठकले पारित गरी निज कमरेडहरूद्वारा **नेपाल चिन्तन : एक मार्गदर्शक** शिर्षक भएको यो दस्तावेज महाधिवेशनमा प्रस्तुत गरि बन्दसत्रमा महाधिवेशन प्रतिनिधिहरूबीच भएको समूहगत छलफलद्वारा प्राप्त सुझावहरू समेटिने गरि उक्त दस्तावेज पारित भयो।

पार्टीको सातौं राष्ट्रिय महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय कमिटीको पहिलो पूर्ण वैठकले स्टेयरिङ्ग कमिटीलाई दिएको अधिकार बमोजिम महाधिवेशनबाट प्राप्त महत्वपूर्ण सुझावहरूलाई समावेश गर्दै परिमार्जन र पारित गरिएको **नेपाल चिन्तन** अहिले प्रकाशित गरिदैछ ।

पार्टीद्वारा अघि सारिएको **नेपाल चिन्तन (Nepal Doctrine)** नेपालको अस्तित्व र नेपाल राज्यको स्वतन्त्रता तथा सार्वभौमसत्ताको रक्षा र प्रवर्द्धन गर्ने चिन्तनहरूको वैज्ञानिक श्रृङ्खला हुनुको साथै यो नेपालको विशिष्टता अनुरुप मार्क्सवाद-लेनिनवाद तथा माओ त्सेतुङविचारधारालाई सृजनात्मक ढङ्गले लागू गर्न बाटो देखाउने चिन्तन पनि हो। यो चिन्तन पार्टीले अनुशरण गर्दै आएको सर्वहारा वर्गीय विश्व दृष्टिकोण र मार्गदर्शक सिद्धान्तको प्रकाशमा नेपाल र नेपाली समाजलाई चिन्ने तथा नेपाली क्रान्तिको कार्यक्रम नयाँ जनवादलाई नेपालका विशिष्टता अनुरुप मूर्त, प्रखर र यथार्थ रुप दिने चिन्तन हो। यसबाट हामीलाई नेपालको अस्तित्व र राज्यको रूपमा यसका स्वतन्त्रता तथा सार्वभौमसत्ता विरुद्ध विगतकालदेखि नै विदेशी प्रभुत्ववादी तथा साम्राज्यवादी शक्तिहरूले अपनाएका रणनीति र चालवाजीहरूलाई चिन्न, मद्दत गर्नुका साथै तिनीहरूका विरुद्ध हाम्रा वहुजातीय पुर्खाहरूले गरेका जटील र कठीन संघर्षहरूको महत्वलाई बुझ्न तथा अब पनि अपनाइने विदेशी रणनीति र चालहरूलाई ठम्याउन र तिनीहरू विरोधी सङ्घर्षलाई कुशलतापूर्वक संचालन गर्न सहयोग प्राप्त हुनेछ।

सिङ्गो पार्टी पद्धतिले **मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङविचारधारा तथा नेपाल चिन्तन**को मार्गदर्शनलाई बुझ्न र नेपाली जनताका सबै स्थानीय अगुवाहरूलाई बुझाउन समेत योजनाबद्ध ढङ्गले सङ्गठित र अविश्रान्त प्रयत्न जारी राख्ने छ भन्नेमा केन्द्रीय कमिटी विश्वस्त छ। किमाधिकम्।

*१८ जेठ, २०७३* **– केन्द्रीय कमिटी**

| **विषय सूची** | **पृष्ट** |
|---|---|
| १. नेपाल चिन्तनको आधार- नेपाल | १ |
| २. स्वतन्त्र देश नेपाल, इतिहासको ऐनामा | ४ |
| ३. इतिहासबाट प्राप्त शिक्षा | ८ |
| ४. पटक-पटकका सङ्कटहरू | ११ |
| ५. नेपाल र नेपाली क्रान्तिका विशिष्टताहरू | १९ |
| ६. मार्क्सवादको सृजनात्मक प्रयोग र नेपाल चिन्तन | २२ |
| ७. नविन कोणबाट गरिनु पर्ने केही समीक्षा र केही निर्धारणहरू | २८ |

# नेपाल चिन्तन : एक मार्गदर्शक

*(२५-२८ बैशाख, २०७३ मा काठमाण्डौमा आयोजित नेकपा (माले) को सातौं राष्ट्रिय महाधिवेशनमा महासचिव क.सी.पी.मैनालीद्वारा प्रस्तुत तथा सुझावहरू सहित पारित तथा सुझावहरूका आधारमा परिमार्जित)*

## १.नेपाल चिन्तनको आधार-नेपाल

एक स्वतन्त्र, सार्वभौम र अखण्ड देशको रूपमा नेपालको सुरक्षालाई प्राथमिकता दिने र यसका विशिष्टताहरूलाई चिन्हित गर्दै यसका हितहरूको पक्षपोषण गर्ने गरी नेपाली समाजको परिवर्तनका नीतिहरू निर्माण गर्न सहयोग गर्ने चिन्तन, अर्थात **नेपाल चिन्तन**को रूपरेखा कोर्नुपूर्व नेपालकै प्राचीनता, महानता र यसका ऐतिहासिक अनुभवहरूबारे संक्षेपमै भए पनि चर्चा गर्नु समिचीन हुनेछ ।

**१.१. नेपाल र यसको समय-यात्रा :** प्राचीन नेपाल तत्कालिन आर्यावर्त्तको उत्तरी किनारमा अवस्थित, पूर्वमा कामाख्या (हालको असम भारत) देखि पश्चिममा (हाल भारत काँगडाको) पहाडी क्षेत्रसम्म फैलिएको, हिमाली क्षेत्र, पहाडी भूभाग र भित्री मधेश लगायत थोरै मैदानी पट्टी (तराई) सहितको हिमवत्खण्डको विशिष्ट भूभाग हो । यो भूभाग काठमाडौं उपत्यकाबाट लिच्छवी जनगणले शासन गरेको सयममा तिनकै राज्यक्षेत्रभित्र समेटिएको थियो भनी प्राचीन इतिहासमा उल्लेखित पाइन्छ । तर यस भूभागमा कायम नेपाल राज्य कहिले फैलिने र कहिले खुम्चिने गरेको देखिन्छ ।



हिमवत्खण्डको यो भूभाग मानव जातिको उत्पत्ति, त्यसको विचरण र अन्तरक्षेत्रीय यात्राको निम्ति अनुकूल रहेको अनुपम भूमि हो । यो विविधतामा एकताको अनुपम नमूना भूमि पनि हो । यो भूमि भौगोलिक, जलवायुगत, वानस्पतिक, जैविक लगायत विश्वका प्राय सबै नश्लका मानव जातिको बसोवास रहेको अतुलनीय विविधतासम्पन्न भूमि हो । यो बोन, किरात, मङ्गोल, खशआर्य, मधेशीआर्य, बागमती, कौशिक, मुश्लिम आदि सभ्यताहरू समेटिएको मानव-सभ्यताहरूको बेजोड सङ्गमस्थल पनि हो । नेपालभित्र विकसित प्राचीन मानव सभ्यताहरूमध्ये (१) किराँत सभ्यता, (२) मिथिला सभ्यता, (३) कौशिकी सभ्यता, (४) लुम्बिनी सभ्यता, (५) सिंजा सभ्यता, र (६) बागमती सभ्यता आदि[1] विशिष्ट रहेका छन् ।

**१.२.** नेपाल नामले परिचित हिमवत्खण्डको यस भूभागले मानव जातिलाई आदिमकालीन समाजदेखि नै आश्रय, भोजन र जीवन प्रदान गर्दै आएको छ । यहाँ मानव जातिको मातृयुगीन समाज रहेको प्रमाणदेखि वर्तमानकालमा सामन्ती र पुँजीवादी मानव समाजका बस्ती र नगरहरू रहेका छन् । यही हिमवत्-खण्डमा विश्वको एउटा प्राचीन स्वतन्त्र देश नेपालले आफ्नो अस्तित्व हुर्काउँदै आएको छ । आधुनिक कालमा[2] सम्पन्न राष्ट्रिय एकीकरणदेखि नेपाल दक्षिणको ब्रिटिश-भारत औपनिवेशिक साम्राज्य र उत्तरको महाचीनको सामन्ती साम्राज्यका माझ 'दुई ढुंगाबीचको तरूल' झैं हुर्किंदै आएको थियो ।

दोस्रो विश्वयुद्ध पश्चात् नेपाल दुई जोडी शक्ति-राष्ट्रहरूबीच सजगता साथ गतिशील बनिरहेको छ । दोस्रो विश्वयुद्धपछि नेपाल भर्खरै राष्ट्रिय-स्वाधीनता प्राप्त भारत र भर्खरै राष्ट्रिय-मुक्ति प्राप्त चीनको क्षेत्रीय जोडी बीच भौगोलिक तथा राजनीतिक रूपमा र संयुक्त राज्य अमेरिका र तत्कालिन सोभियत सङ्घको वैश्विक जोडी शक्ति-राष्ट्रहरूबीच राजनैतिक रूपमा रहेको थियो । आज नेपाल विश्व शक्तिको हैसियत हासिल गरिरहेको जनवादी गणतन्त्र चीन तथा क्षेत्रीय शक्ति बनिसकेको गणतन्त्र भारत माझ भौगोलिक एवम् राजनीतिक रूपमा र उकालो लागेको विश्व-शक्ति जनवादी चीन र ओह्रालो लागेको विश्व-शक्ति अतिमहाशक्ति संयुक्त राज्य अमेरिका माझ राजनीतिक रूपमा आफ्नो सन्तुलन कायम गर्ने प्रयत्न गर्दै गतिशील रहेको छ ।

**१.३**. नेपालको यो राजनीतिक अवस्थिति अत्यन्त विशिष्ट र संवेदनशील छ । यसले नेपालको राष्ट्रिय जीवनलाई मात्र होइन, यसका सामाजिक परिवर्तनको गति, सिद्धान्त र स्वरूपलाई समेत प्रभावित पारेको छ । यस वास्तविकतालाई जति नेपाल बाहिरका चिन्तकहरूले अनुमान र आँकलन गरेकाछन्, त्यति नेपाली चिन्तकहरूले नगरेको प्रतीत भइरहेको छ ।

नेपाल अत्यन्त अक्करिलो गोरेटोबाट आफ्नो स्वतन्त्र अस्तित्वको यात्रा चलाइरहेको छ । आधुनिक नेपालको इतिहासमाथि घोत्लिने हो भने यसले तय गरेको यात्रा जोखिमपूर्ण देखिन्छ र आगामी यात्रा झन जोखिमपूर्ण[३] छ । सडक दुर्घटनाको रूपमा घटाइएको मदन-आश्रित हत्याकाण्ड, माओवादी 'जनयुद्ध'को विकास, नारायणहिटी दरवार नरसंहार, मधेश आन्दोलनका नाउँमा भइरहेका क्रियाकलापहरू, नेपालभित्र बढेका विदेशी चलखेलहरू, संविधान जारि भएपश्चात् त्यसको विरुद्ध २०७२ सालको असोज ५ गतेदेखि भारतद्वारा गरिएको नाकाबन्दी र नाकाबन्दीको पराजयपछि भारतद्वारा सुरु गरिएको नेपाल बिरुद्धको अन्तर्राष्ट्रिय दवावको सृजना, विश्व राजनीतिमा सुस्तरी आकार लिइरहेको शक्ति-समीकरण आदि र उपरोक्त परिघटनाहरूबीच रहेको अन्तरसम्वन्ध तथा तिनीहरूबाट हासिल गर्न खोजिएको साझा लक्ष्यको सूक्ष्म र गम्भीर अध्ययनबाट नै उपरोक्त निष्कर्ष निकालिएको हो । यी विषयहरूले **नेपाल चिन्तन**लाई व्यवस्थित गर्न र त्यसलाई नेपालको भविष्य-यात्राको मार्गसूचक बनाउन हामीलाई प्रोत्साहित गरेका हुन् ।

**आज नेपाल विश्व शक्तिको हैसियत हासिल गरिरहेको जनवादी गणतन्त्र चीन तथा क्षेत्रीय शक्ति बनिसकेको गणतन्त्र भारत माझ भौगोलिक एवम् राजनीतिक रूपमा र उकालो लागेको विश्व-शक्ति जनवादी चीन र ओहालो लागेको विश्व-शक्ति अतिमहाशक्ति संयुक्त राज्य अमेरिका माझ राजनीतिक रूपमा आफ्नो सन्तुलन कायम गर्ने प्रयत्न गर्दै गतिशील रहेको छ ।**



# २. स्वतन्त्र देश नेपाल, इतिहासको ऐनामा

नेपाल नाम प्राचीन नाम हो । यो अर्थपूर्ण र अद्वितीय छ । देश वा भूभागको नामको रूपमा नेपालको प्रथम उल्लेख अथर्व वेदको कूर्म बिभागमा भएको देखिन्छ, जसको कालगणना इश्वी पूर्व ८०० बर्ष अघि पुग्दछ । यजुर्वेदमा **'नीप'** शब्दको उल्लेख भएको पाइन्छ, जसले काठमाडौं उपत्यकाभित्र र त्यसको आसपास बस्ने स्थानीय किरात (मङ्गोल) मूलका **नीप** जनगणलाई बुझाउँछ । यसबाट **नेपाल** नामधारी भूभाग हिमवत्खण्डमा आजभन्दा तीन हजार बर्ष भन्दा अघिदेखि निरन्तर अस्तित्वमा रहेको देखिन्छ । अथर्व परिशिष्ट पछिका अरू धेरै ग्रन्थहरूमा समेत नेपालको नाम उल्लेख गरेको पाइन्छ ।

**२.१** नेपाल राज्यको इतिहास नेपाल नामको प्रामाणिक उल्लेख भेटिएको समयभन्दा पुरानो रहेको छ । यसको इतिहास चार हजार बर्षभन्दा पर गएको छ । नेपालको केन्द्रभाग काठमाडौं उपत्यका र यसको आसपास शुरूमा गोपालवंशी र महिषपालवंशी राजवंशले शासन गरेको वंशावलीहरूमा उल्लेखित छ । त्यसबेला पनि यस क्षेत्रका स्थानीय वासिन्दा नीपगणका जनसाधारणहरू नै हुनुपर्छ, जो कालान्तरमा नीपबाट, नीपार, नेपार हुँदै पछिल्लो समयमा नेवार कहलिन थाले । नीपगण मूलतः किरात नश्लकै मानिन्छ, जसमा समयक्रममा यसका भाषा र सँस्कृतिलाई अपनाउँदै बिभिन्न नश्लका जातीयजनहरू मिसिदै नेवार समुदाय बनी फैलिदै अस्तित्वमा रहेको छ । महिषपाल राजवंशको शासनपछि यहाँ धेरै बर्षसम्म किरात राजवंशको शासन रह्यो । त्यसपछि क्रमशः लिच्छवी राजवंश, पहिलो वैश्य-ठकुरी राजवंश, दोस्रो वैश्य-ठकुरी राजवंश, पहिलो मल्लवंश, दोस्रो मल्लवंश र आखिरमा खशआर्य जनगणको शाह-ठकुरी राजवंशको शासन रह्यो, जसको २०६४ चैत २८ मा निर्वाचित पहिलो संविधानसभाको १५ जेठ २०६५ मा सम्पन्न पहिलो वैठकको निर्णयबाट अन्त्य भयो । लिच्छवी राजवंशको शासन र त्यस यताका मात्र शीलालेख, ताम्रपत्र आदि विविध ऐतिहासिक अभिलेख प्राप्त छन्, त्यस अघिका छैनन् । अहिलेसम्म हामीसँग लिच्छवी शासनकादेखि यताको मात्र प्रामाणिक इतिहास रहेको छ ।

**२.२** अधिकांश इतिहासकारहरूले नेपाली इतिहासलाई तीनवटा कालखण्डमा विभाजित गरी अध्ययन गरेका छन्- प्राचीनकाल, मध्यकाल र आधुनिककाल ।

यसरी काल बिभाजन गर्दा लिच्छवी शासन कालको सात सय वर्षको इतिहासलाई **प्राचीनकाल** मानिन्छ । मध्यकाललाई यस प्रकार दुई खण्डमा बाँडिएको छः पहिलो बैश्य-ठकुरी शासनकाल, दोस्रो वैश्य-ठकुरी शासनकाल, पहिलो मल्लवंश शासनकाल र दोस्रो मल्लवंशको यक्ष मल्ल सम्मको अवधिलाई **पूर्व मध्यकाल** मानिन्छ । दोस्रो मल्ल कालको अवधिलाई **उत्तर मध्यकाल** मानिएको छ[४] । वि.सं. १८०१ मा शुरू भएको नेपालको राष्ट्रिय एकीकरण देखि एकीकृत नेपालको अवधिलाई **आधुनिककाल** मानिन्छ ।

लिच्छवी शासनकाल शुरू (वि.सं.२४२) हुनु अघि १८०३ बर्षसम्म नेपालमा किरात जनगणको शासनकाल रह्यो र त्यसअघि ४/५ सय बर्षसम्म गोपालवंशी र महिषपालवंशी जनगणको शासन चलेको हुनुपर्छ । तर यस अवधिको इतिहासबारे कुनै प्रामाणिक अभिलेखहरू प्राप्त छैनन् । यसबारे हामीले 'गोपाल वंशावली', 'राजतरङ्गिणी' जस्ता वंशावलीहरू एवम् जनश्रुतिहरूबाट र समाजमा पाइने त्यसकालका सांस्कृतिक र अन्य अवशेषहरूबाट मात्र सीमित जानकारी प्राप्त गरेका छौं । त्यस काललाई केन्द्रीत गरी गरिने अध्ययनबाट हामीले अरू धेरै जानकारी पाउने संभावना छ, जसको सदुपयोग गरिनुपर्दछ । यस ऐतिहासिक अवधिलाई हामी **पूर्व प्राचीनकाल** भन्न सक्छौं ।

लिच्छवी शासनकालमा नेपाल असमको कामाख्यादेखि कश्मिरपूर्व कुमाउसम्म र हिमालदेखि गंगाको मैदानसम्म विस्तारित रहेको अभिलेखहरूले वताउँछन् । यस अवधिलाई नेपाली इतिहासको स्वर्णयुग भनिन्छ । त्यसपछि नेपालको विभाजनको प्रकृया शुरू भयो । पूर्वमध्यकालमा क्रमिकरूपले नेपालको भूभाग तीनवटा शक्तिशाली राज्यक्षेत्रमा विभक्त भयो[५] । काठमाण्डू उपत्यकालाई केन्द्रीत गरेर नेपालमण्डल, सिम्रौनगढमा राजधानी रहेको कर्णाटकका न्यान्यदेवका वंशजद्वारा सञ्चालित तिरहुत (वा डोय राज्य) र सिंजा राजधानी रहेको खश साम्राज्य । नेपालमण्डल र



खशसाम्राज्यमा केन्द्रको मातहत क्षेत्रीय राज्यहरू सञ्चालित हुने परिपाटी विकसित भयो । फलतः क्रमिकरूपमा केन्द्रीय राज्य कमजोर हुँदा र क्षेत्रीय राज्यहरू स्वतन्त्र हुदै जाने प्रकृयाको शुरूआत भयो । तिरहुत राज्य चाहिँ दिल्लीका सम्राट गयासुद्दीन तुगलकसँगको युद्धबाट वि.सं. १३८१ मा अन्त्य हुन पुग्यो र नेपालको तराई क्षेत्र विभाजित भएर डोटी, आछाम, पाल्पा, चौदण्डी र विजयपुरका खश र सेन राज्यका भूभागमा समेटिन पुग्यो ।

**उत्तरमध्यकाल**लाई नेपालको इतिहासमा **राज्य विखण्डन**को काल भने हुन्छ । यस अवधिमा पश्चिम नेपालको खशसाम्राज्य विघटित भएर क्रमशः कर्णाली क्षेत्रका २२से भनिने ३० वटा राज्य र गण्डकी क्षेत्रका २४से भनिने २६ वटा राज्य, नेपालमण्डल ३ वटा मल्ल राज्य र पूर्वका तीनवटा सेन राज्य गरी ६२ वटा राज्यमा खण्डित हुन पुगे । यो बिभाजन आन्तरिक कारणहरूबाट भएको थियो र यसलाई आन्तरिक प्रयत्नबाटै सच्याउन पनि सकिन्थ्यो । इश्वीको १७ औं शताब्दीको शुरूमा ब्रिटेनका व्यापारीहरूले भारतमा आई व्यापारिक कोठी चलाउदै 'इष्टइण्डिया कम्पनी सरकार' मार्फत औपनिवेशीक शासन चलाउन शुरू गरेका थिए र त्यसले आफ्नो औपनिवेशीक राज्यको सीमा निरन्तर विस्तार गरिरहेको थियो । दक्षिण एशियामा ब्रिटिश उपनिवेशवादको प्रवेश र प्रभूत्वले यस क्षेत्रको राजनीतिमा ठूलो परिवर्तन ल्यायो । ब्रिटिश भारतको उपनिवेशवाद र आन्तरिक सामन्ती स्थानीयतावाद विरुद्ध सङ्घर्ष गर्दै नेपालको उक्त विभाजनलाई राष्ट्रिय एकीकरणद्वारा सच्याउने महान ऐतिहासिक कार्य पनि भयो । यहाँ देशभक्त राष्ट्रवादी राजनीतिक धारा र उपनिवेशवादी राजनीतिक धाराहरू उत्पन्न भए, जुन आजसम्म पनि जीवित र सकृय रहेका छन् । विस्तारवादी स्वरुपमा कायम भएको ब्रिटिश-भारतकालिन उपनिवेशवादी नीति नै आज दक्षिण-एशियाको स्थीरता, शान्ति र विकासको बाधक बनेको छ ।

**२.३** बैसट्ठी टुक्रामा विभाजित राज्यहरूवीच हुने आपसी मनोमालिन्य, विवाद, झगडा र युद्धको कारण यस भूभागका नेपाली नागरिकहरूवीच असुरक्षाभाव बढ्यो । साथै कृषि, कुटीर उधोग, वन्द-व्यापार र सवै आर्थिक क्रियाकलापहरूमा पनि बाधा-व्यवधान बढे । त्यस्तो अवस्थामा सात समुद्र पारिका अङ्ग्रेज/ब्रिटिश

उपनिवेशवादीहरूको मातहतमा शासित हुनुपरे आफ्नो परम्परा, धर्म-संस्कृति, इतिहास र गौरव मासिने डरले विभक्त राज्यहरू एकीकृत भई एउटै वलियो राज्य निर्माण हुनुपर्ने मनोभावना नेपालीहरूवीच बढिरहेको थियो। सानो र गरीब गोरखा राज्यका महत्वाकांक्षी राजा पृथ्वीनारायण शाहले शुरु गरेको आफ्नो राज्य विस्तार गर्ने अभियान यस क्षेत्रको स्थिति र जनताको मनोभावनाको कारण नेपाल एकीकरणको अभियानमा परिणत भयो। वि.सं. १८०१ मा गरिएको नुवाकोटको विजयसँगै सो अभियान वस्तुगत रूपमा शुरू भएको मानिन्छ। अभियानको बीचमै भएको उनको निधन (१८३० माघ २ गते) भए पछि पनि उनका उत्तराधिकारीहरूले अभियानलाई निरन्तरता दिए, जुन इष्टइण्डिया कम्पनि सरकार र नेपाल सरकारबीच भएको सुगौलीको सन्धीमा ४ मार्च, १८१६ मा हस्ताक्षर भए पश्चात् रोकिन पुग्यो।

**२.४.** सुगौली सन्धीले पूर्वमा टिष्टा नदी, पश्चिममा काँगडा किल्ला र उत्तरमा हिमालदेखि दक्षिणमा गङ्गाको किनारसम्म विस्तारित नेपाललाई खुम्च्याएर पूर्वमा मेची नदीदेखि पश्चिममा महाकाली नदी वारिसम्म, उत्तरमा हिमालदेखि दक्षिणमा मेची नदी पश्चिमको वर्तमान पूर्वी तराईको मध्यभाग र चितवनदेखि पश्चिम शिवालिक पहाडको फेदिहुँदै महाकाली नदीसम्म सिमित गरेको थियो। पछि १४ सितम्बर १८१६ मा पाल्ही माझखण्ड (बुटवल तथा स्यूराज) र १ नोभेम्बर १८६० मा नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) फिर्ता भई वर्तमान नेपालको सीमाना कायम भएको हो। यसमध्ये सुगौली सन्धीद्वारा नेपालको भूमि स्वीकारिएको लिम्पियाधुरादेखि महाकाली नदी पूर्वी भागको २५३ बर्गमाईल भूमि, सुस्ताको १४,५०० हेक्टर भूमि र अन्यत्र ७० स्थानमा अतिक्रमित ४६,१६२ हेक्टर जमिनमाथिको नेपालको स्वामित्व भारतद्वारा खोसिएको छ। *(श्री बुद्धिनारायण श्रेष्ठ लगायत विविध श्रोतहरू।)*



## ३. इतिहासबाट प्राप्त शिक्षा

राज्य इतिहासको ऐनाबाट स्पष्ट देखिएकोछ : केन्द्रीय राज्य कमजोर र क्षेत्रीय भावना बलियो हुँदै जाने क्रममा उत्तरमध्यकालसम्म आइपुग्दा नेपालमा केन्द्रीय राज्यबाट क्षेत्रीय राज्यहरू अलग्गिने प्रवृत्ति व्याप्त भयो। एक समयमा कामाख्यादेखि कुमाउ र हिमालदेखि गंगाको तीरसम्म फैलिएको विशाल नेपाल विक्रमीको अठारौं शताब्दीको उत्तरार्द्धतिर आइपुग्दा ६२ वटा राज्यका टुक्राहरूमा बिभक्त हुनपुग्यो। त्यो पुरानो जमानाको कुरा थियो। सामन्ती युगको कुरा थियो। त्यस समयमा सामन्ती राज्यको केन्द्रीय नियन्त्रणबाट थोरै भएपनि छुटकारा पाउनुलाई सकारात्मक नै मान्न सकिएला। तर त्यसले सामन्ती शासकहरूवीच बिद्रोही र बिखण्डनकारी प्रवृत्तिलाई पनि प्रश्रय दियो। परिणामतः क्षेत्रीय राज्य र विकेन्द्रीकृत शासन प्रणाली सामन्ती नेपालका निम्ति अफापसिद्ध भए। विक्रमी छैटौं-सातौं शताब्दीको लिच्छवीकालीन विशाल नेपाल एघारौं शताब्दीमा पुग्दा तीन ठूला राज्य-क्षेत्रमा र अठारौं शताब्दीको उत्तरार्द्धमा पुग्दा ६२ वटा राज्यमा टुक्रियो।

**३.१** आन्तरिक विवाद, कलह, झगडा र युद्धले जनतामा बढेको असुरक्षा, देशको आर्थिक गतिविधि र विकास कार्यमा आएका बाधा-बिघ्न र ह्रास अनि उपनिवेशवादीहरूको आक्रमण, कब्जा र दासताको बढ्दो त्रासको स्थितिमा पृथ्वीनारायण शाह जस्ता द्रष्टा, वीर, बुद्धिमान र महत्वाकांक्षी सामन्ती नायकको नेतृत्व र अनुकुल राजनीतिक परिवेशको साथ एवम् व्यापक जनसाधारणहरूको समर्थन पाएर मात्र नेपाल पुनः एकीकृत हुन सक्यो। परिणामतः आज हामीहरूले जनक, सीता, बुद्ध, भृकुटी, अमरसिंह, शंखधर शाख्वा, फाल्गुनन्द, पासाङ् ल्हामु आदि जस्ता राष्ट्रिय विभूतिकासाथ विश्वसमुदायमा स्वतन्त्र देशका गर्विला नागरिक भएर शीरठाडो पारी हिड्न पाएका छौं। हामीले हाम्रो इतिहासमा घटेका राज्यविखण्डन र राष्ट्रिय एकीकरणका परिघटनाहरूबाट गम्भीरतम शिक्षा लिनु पर्छ। नेपाल अझै पनि विखण्डनको खतरासामु उभिइरहेको छ। नेपालको अस्तित्व, स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डता विरुद्ध उपस्थित यो सङ्कट विगतमा भन्दा धेरै

गुणा खतरनाक छ । त्यसवेला त ६२ टुक्रामा विखण्डित भएपछि पनि एउटा विशिष्ट अवस्थामा सशक्त नेतृत्व पाएर देशलाई पुनः एकीकृत गर्न सकिएको थियो किनकि नेपालको उक्त विखण्डन आन्तरिक कारणहरूले गर्दा मात्र भएको थियो, जसमा परचक्री वाह्य शक्तिको कुनै भूमिका छँदै थिएन । तर शिकारी शक्ति-केन्द्रहरू विभाजन र विखण्डनका चरहरू खोज्दै हाम्रै वरिपरि घुमिरहेको वर्तमान अवस्थामा देशको एउटै टुक्रा/भाग पनि चोइटियो भने, त्यो कहिल्यै फिर्ता नहुने गरी अन्यत्रै विलिन हुन पुग्नेछ भनी हामीले समयमै बुझ्नुपर्छ । यसकारण वाह्य विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूको सङ्कीर्ण रणनीतिक स्वार्थको आडधाप पाई नेपालमा हुर्कन थालेको विखण्डनकारी प्रवृत्तिको खतरनाक चरित्रलाई गंभीरतापूर्व लिनु पर्छ र त्यसलाई राजनीतिक ढङ्गबाट समाप्त गरिनुपर्छ ।

**३.२.** यस्तो स्थितिमा हामीले सङ्घीतामा जाँदा बुद्धि पुऱ्याएनौं भने इतिहासको मध्यकाल दोहोरिन सक्छ । त्यसवेला नेपाल तीन ठूला टुक्रामा विभाजित भएर शुरुभएको विखण्डनको त्यो प्रक्रिया तवसम्म रोकिएन, जवसम्म विभाजनबाट वाक्क-दिक्क भई शक्तिशाली राज्यका पक्षधर बनेका जनताको साथ पाएर राष्ट्रिय एकीकरणको शक्तिशाली अभियान यस भूक्षेत्रमा संचालित भएन । हाम्रो जत्रो र जस्तो संवेदनशील भूराजनीति भएको मुलुकमा सङ्घीयता सामान्यतया हानीकारक नै हुन्छ । राज्यशक्ति केन्द्रीकृत भएको एकात्मक शासन प्रणालि होइन, स्थानीय स्वायत्ततासम्पन्न बलियो राज्य-केन्द्र रहेको एकात्मक शासन प्रणाली चाहि हाम्रो मुलुकको निम्ति उपयुक्त शासन-प्रणाली हुन्छ । विगतको राज्य प्रणालीमा रहेको केन्द्रीकरण, सामन्ती निरंकुशतन्त्र, जनतामा बढाइएको जातीय-क्षेत्रीय सङ्कीर्णता र देशका ठूला दलका ठूला नेतामा रहेको जिम्मेवारीबोध तथा दूरदृष्टिको कमीले गर्दा वाह्य-दवावलाई झेल्न र तर्काउन नसकी राज्य सङ्घीय प्रणालीलाई अपनाउन पुगेको छ । यस्तो स्थितिमा नेकपा (माले) ले सङ्घीय प्रणालीबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्दै त्यसका सकारात्मक पक्षलाई सदुपयोग गर्नको निम्ति, देशको भूराजनीति, यसको विकास तथा राष्ट्रिय सुरक्षाको आवश्यकतालाई दृष्टिगत गरी *(जातीय तथा भौगोलिक आधारमा)* समावेशी



प्रदेशहरू गठन गर्ने नीति अवलम्वन गर्दै आएको छ । प्रदेशको सीमाङ्कन सम्वन्धी विवाद चर्कंदै जाँदा नेकपा (माले) ले आर्थिक विकार र सुरक्षाको कोणबाट विगतकालमा कायम गरिएका पाँचवटा विकास क्षेत्रहरूलाई नै मूलभूतरूपमा सङ्घीय नेपालका पाँच प्रदेशमा रूपान्तरित गर्ने प्रस्ताव अघि सारेको हो ।

नेपालको इतिहासबाट प्राप्त शिक्षा र देशको सुरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता एवम् भूअखण्डतालाई प्राथमिकता दिने कोणका आधारमा चिन्तन-मनन गर्दा नै हामी माथि उल्लेखित निचोडमा पुगेका हौं । **यो नेपाल चिन्तनको एउटा अभिव्यक्ति र त्यसको एक महत्वपूर्ण आयाम हो ।** केन्द्र कमजोर भएको र रणनीतिक अधिकारहरू समेत प्रदेशहरूलाई प्रदान गर्ने सङ्घीय प्रणालि नेपाल जस्तो सम्वेदनशील भूराजनीति भएको मुलुक हो । स्वतन्त्रता र अखण्डता रक्षाको निम्ति अनुकुल हुँदैन । त्यति मात्र होइन, देशको उत्तरी वा दक्षिणी भागका पूर्व-पश्चिम तन्किएका प्रदेशहरू पनि त्यसरी नै अनुकुल हुँदैनन् । इतिहासवाट प्राप्त शिक्षालाई हामीले अनदेखा गर्नु हुँदैन ।

**यस्तो स्थितिमा नेकपा (माले) ले सङ्घीय प्रणालीबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्दै त्यसका सकारात्मक पक्षलाई सदुपयोग गर्नको निम्ति, देशको भू-राजनीति, यसको विकास तथा राष्ट्रिय सुरक्षाको आवश्यकतालाई दृष्टिगत गरी (जातीय तथा भौगोलिक आधारमा) समावेशी प्रदेशहरू गठन गर्ने नीति अवलम्वन गर्दै आएको छ । प्रदेशको सीमाङ्कन सम्वन्धी विवाद चर्कंदै जाँदा नेकपा (माले) ले आर्थिक विकार र सुरक्षाको कोणबाट विगतकालमा कायम गरिएका पाँचवटा विकास क्षेत्रहरूलाई नै मूलभूतरूपमा सङ्घीय नेपालका पाँच प्रदेशमा रूपान्तरित गर्ने प्रस्ताव अघि सारेको हो ।**

# ४. पटक-पटकका सङ्कटहरू

नेपाल चार हजार वर्ष लामो इतिहास भएको मुलुक हो । यति लामो इतिहासको कालखण्डमा नेपाल पटक-पटक फैलिने र खुम्चिने, एकीकृत हुने र विखण्डित हुने आन्तरिक प्रक्रियाबाट गुज्रियो । यसअवधिमा यसले स्वर्णकालमात्र भोग गरेन, विभाजन र विखण्डनका कारण उत्पन्न कहरहरू समेत भ्रेलेको छ । इश्वीको सत्रौं शताब्दीदेखि दक्षिण एशियामा ब्रिटिश उपनिवेशवादीहरूले औपनिवेशिक राज्य, ब्रिटिश-इण्डिया कायम गरेपछि नेपालको विस्तार र सङ्कुचनका आन्तरिक प्रक्रियामा विदेशी हस्तक्षेप र षड्यन्त्रका पक्षहरू प्रवेश गरेका छन्, जसले समय-समयमा राष्ट्रिय अस्तित्वसामु चुनौती र सङ्कट खडा गरिदिने कार्य गर्दै आएको छ । सन् १९४७ मा स्वतन्त्रता हासिल गरेपछि पनि भारतीय शासक वर्गले उपनिवेशवादी मनस्थिति कायमै राखेको छ । यस पृष्ठभूमिमा आधुनिक कालमा प्रवेश गरेको विन्दुदेखि आजसम्म पनि नेपालले पटक-पटक आफ्नो अस्तित्वकै सङ्कटबाट गुज्रिनु परेको छ, जसबारे संक्षेपमा भए पनि यहाँ चर्चा गरिन्छ ।

**४.१ पहिलो सङ्कट** । नेपालले एकीकरण अभियान चलिरहेको समयमै ठूलो विदेशी शक्ति अर्थात ब्रिटिश-भारतको सशस्त्र आक्रमणको सामना गर्नुपऱ्यो । नेपालको एकीकरण अभियानलाई रोक्नकै निम्ति काठमाण्डू उपत्यकातर्फ अघि बढेको कप्तान किनलोकको नेतृत्वमा रहेको आधुनिक हतियारद्वारा सज्जित 'इष्ट इण्डिया कम्पनि सरकार'को २५०० को सङ्ख्यामा आएको फौजलाई नेपाली फौजले सन् १७७६ को ६ अक्टुवर (वि.स. १५ आश्विन, १८२४) मा सिन्धुलीको पौवागढीमा बुद्धिमानीपूर्वक घात लगाई वीरतापूर्वक पराजित गर्न नसकेको भए, संभवतः त्यसवेला शुरू भएको एकीकरण अभियान नै सफल हुन सक्ने थिएन; त्यसबेला जुन ढङ्गले आधुनिक नेपाल अस्तित्वमा आयो, शायदै त्यो सम्भव हुने थियो । चतुऱ्याइँ र साहसका साथ लडेर नै विभिन्न जाति र क्षेत्रका हाम्रा पुर्खाहरूले आधुनिक नेपालको अस्तित्व कायम गरेका हुन् । उक्त उपनिवेशवादी आक्रमणले नेपालको सामु पहिलो सङ्कट उत्पन्न गरेको थियो ।



**४.२ दोस्रो सङ्कट** । एकीकरण अभियान चलिरहेको समयमा नेपालको विरूद्ध युद्ध घोषणा गरी सन् १८१४ को नोभेम्बर (सम्बत् १८७१ कार्तिक) देखि 'इष्ट इण्डिया कम्पनी सरकार'ले ११ मोर्चाबाट आक्रमण शुरू गऱ्यो । सुदूर पश्चिमी क्षेत्रका आठवटा मोर्चामा नेपाली पक्षले पराजय भोग्नु परे पनि पाल्पा (बटौली), मकवानपुर र कोशी लगायतका तीनवटा मोर्चामा नेपालीहरू विजयी भएपछि सुगौलीमा वार्ता भई दुई पक्षवीच सन्धिपत्र गरिने भयो, जसमा नेपाल पक्षले ४ मार्च १८१६ (सम्बत् १८७२ फागुन) मा हस्ताक्षर गऱ्यो । त्यो **सुगौली-सन्धि**को नामबाट चर्चित छ । त्यस सन्धिले त्यसवेला नेपालमा समेटिइसकेको भूभागबाट एकतिहाइ भूखण्ड काटी ब्रिटिश-भारतमा गाभेर नेपाललाई मेचीदेखि महाकालीसम्म र हिमालदेखि वर्तमान दशगजासम्म सीमित गरिदियो । त्यसवेला पनि नेपालले अस्तित्व-सङ्कटकै सामना गर्नु परेको थियो, जसलाई विभिन्न जात-जातिका पुर्खाहरूले वीरताका साथ भ्रेलेर ठूलो क्षेत्र गुमाएर भएपनि नेपाल राष्ट्रलाई जोगाएका थिए ।

**४.३ तेश्रो सङ्कट** । २००७ सालको राजनीतिक परिवर्तन पश्चात् अस्तित्व रक्षाको ठूलो सङ्कटवाट नेपाल गुज्रिएको रहेछ, जुन आज अनुभूत हुदैछ । पहिलो दिल्ली संभ्रौता (डिसेम्बर १९५०) ले व्यवस्था गरेको 'विधानसभाको चुनाव' भएको भए अत्यधिक निरक्षर जनता, अपरिपक्व राजनीतिक पार्टीहरू, नाङ्गो विदेशी हस्तक्षेप र नेपालमा विदेशी फौज बोलाउने 'प्रभावशाली नेता'हरू रहेको तत्कालीन अवस्थामा "विधानसभा" को निर्णयबाट नेपालको अस्तित्व गुम्ने वास्तविक खतरा विद्यमान थियो[६] । नेपालका तत्कालीन युवराज र पछि राजा भएका महेन्द्र शाहको राजनीतिक चलाखी र दाउपेचबाट "विधानसभाको चुनाव" पन्छिएको र नेपालको स्वतन्त्रता सुरक्षित रहन पुगेको देखिन्छ । तर यसपछाडि राजा महेन्द्रले समस्यालाई राजनीतिक ढङ्गले समाधान गर्नुको विपरित २०१७ साल पुष १ गते सैनिकबल प्रयोग गर्दै सम्पूर्ण सत्ता आफ्नो हातमा लिन तत्कालीन निर्वाचित मन्त्रीमण्डल र संसद विघटन गर्ने प्रतिगामी कार्य गरे, जसबाट देशलाई जटिलतातर्फ धकेल्ने गम्भीर गल्ती भयो ।

**४.४ चौथो सङ्कट** । सन् १९७० को अगस्टमा भारत र तत्कालीन सोभियत सङ्घवीच २० वर्षे रणनीतिक सन्धि भएको थियो । त्यसबाट महत्वाकांक्षी

र आक्रामक बनेको भारतीय नेतृत्वको कारण सन् १९७१ मा स्वतन्त्र एवम् सार्वभौम मुलुक पाकिस्तान प्रजातान्त्रिक आन्दोलनको माध्यम र भारतीय फौजी हस्तक्षेपबाट अङ्गभंग भयो र सन् १९७५ मा स्वतन्त्र अस्तित्वमा रहेको 'सिक्किम' त्यहाँको 'निर्वाचित विधानसभा' को निर्णयबाट भारतीय सङ्घमा विलिन हुन पुग्यो। त्यसबेला सन् १९७५ मा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले नेपालको तराईलाई नेपालबाट अलग्याई भारतमा विलय गर्ने अभियान थाल्न निर्देशन दिइसकेको कुरा भारतीय **र'अका तत्कालिन दोस्रो तहका अधिकारी आर.के.यादव**ले आफ्नो पुस्तक **'मिसन र'अ'** मा उल्लेख गरेका छन्[७]। नेपालको स्वतन्त्र अस्तित्वमाथि सङ्कट बढेको बुझी नेपालमा विद्यमान राजतन्त्रको निरङ्कुश शासनका विरोधी, भारत निर्वासनमा रहेका, २००७ सालदेखि नै देशभित्र र वाहिरका राजनीतिक घटनाक्रमवाट राष्ट्रवादी दिशातर्फ मोडिदै नेपालको राष्ट्रियताप्रति अपेक्षित सम्वेदनशील बन्न पुगेका प्रजातन्त्रवादी नेता वी.पी. कोइराला "राष्ट्रिय मेलमिलाप" र "न सङ्घर्ष नत समर्पण"को नीति अवलम्वन गर्ने निर्णय गर्दै भारतको स्वनिर्वासन परित्याग गरी नेपाल प्रवेश गरे। त्यही बेला वि.सं.२०३१ मा आयोजित आफ्नो राज्याभिषेक समारोहबाट नेपालका तत्कालिन राजा वीरेन्द्रले 'नेपाललाई शान्तिक्षेत्र घोषित गर्ने' प्रस्ताव विश्वसामु राखी नेपाल विरूद्ध हुनसक्ने वाह्य हस्तक्षेप विरोधी विश्वजनमत बढाए। राजनीतिक स्थितिमा आएको उथल-पुथलको कारण भारतमा इन्दिरा गान्धी सत्ता वाहिर पुगिन। उपरोक्त तीनवटा कारणले गर्दा त्यसवेला आफ्नो अस्तित्वमा आएको सङ्कटबाट नेपाल जोगियो र तराई/मधेशलाई नेपालबाट खण्डित गरी भारतमा विलय गर्ने र'अले अवलम्वन गर्न थालेको भारतीय रणनीति स्थगित हुन पुग्यो, यद्यपि त्यसलाई खारेज गरिएन।

**४.५ पाँचौं सङ्कट**। २०५२ साल फागुन १ गते (सन् १९९६) देखि "क्रान्तिकारी आवेग"मा नेकपा (माओवादी)ले जनगणतन्त्र स्थापना गर्ने तात्कालिक लक्ष्य लिएर राजतन्त्र एवम् वहुदलीय व्यवस्था विरोधी सशस्त्र सङ्घर्ष शुरु गऱ्यो। आफ्नो सङ्कीर्ण रणनीतिक उद्देश्य प्राप्तिको निम्ति प्रयोग गर्ने उद्देश्य लिई भारत सरकारले राजनीतिक दाउपेचको रूपमा त्यसलाई शुरुदेखि नै परोक्ष रूपमा सहयोग पुऱ्यायो। राजतन्त्रलाई पराजित गर्न आवश्यक शक्ति आर्जित



गरेपछि अन्ततः २०६२ साल मंसिर ९ (सन् २००५ नोभेम्बर २४) मा भारत सरकारको मध्यस्थतामा नेकपा (माओवादी) र आन्दोलनरत 'सात दलीय गठवन्धन'वीच नयाँ दिल्लीमा १२ वुँदे सम्झौता सम्पन्न गरियो, जसलाई दोस्रो "दिल्ली संझौता" पनि भनिन्छ। यसमार्फत नेपालमा "संविधानसभा"को निर्वाचन गरी "त्यसमार्फत संविधान बनाउने" कार्यसूची स्थापित गरियो। "अन्तरिम संविधान-२०६३" जारि गरिएको त्यही सालको माघ १ गते पश्चात उठाइएको "मधेश आन्दोलन" मार्फत नेपाल सरकारबाट सङ्घीयतामा जाने निर्णय गरायो। तत्पश्चात नेपालबाट तराई/मधेश अलग्याउने रणनीतिलाई सङ्घीयताको आवरणमा मधेश आन्दोलनको माध्यमबाट क्रियाशील बनाइयो। त्यस वेलादेखि नै मधेश-केन्द्रित नेताहरू **एक मधेश-एक वा दुई प्रदेश, प्रदेशहरूलाई आत्मनिर्णयको अधिकार, मधेशी राष्ट्रियता र पहाडी राष्ट्रियता, हिन्दी भाषा नेपालको दोस्रो माध्यम भाषा** भन्ने जस्ता नारा लगाउन थाले; अरू धेरै आपत्तिजनक प्रस्तावहरू संविधानसभाका विषय-समितिहरूमा कतिपय मधेशी-नेताहरूबाट छलफलको लागि प्रस्तुत गरिए। छलफलको क्रममा उपरोक्त प्रस्तावहरू समितिभित्रै अन्त्य भए, बाहिर आउन सकेनन्।

११ वैशाख, २०६३ मा राजतन्त्रको पराजय भए पश्चात् देशमा भएको बहश-विवादको क्रममा यो प्रमाणित भइसकेकको छ कि मधेश-केन्द्रित दलका नेताहरूले व्यापक मधेशी जनताका वास्तविक प्रगतिशील मागहरूको प्रतिनिधित्व गर्दैनन्। उनीहरूले मधेशी जनताको जातीय पहिचान संस्थागत गर्ने सही माग कहिल्यै उठाएनन्, उल्टै त्यसको विरोध गरे। उनीहरूले तराईका मधेशीलगायत अन्य जातिका **दलित अर्थात शिल्पी समुदायहरू**, महिलाहरू र व्यापक श्रमजीवी जनताका शोषण, उत्पीडन, गरिबी, अशिक्षा, भेदभाव विरोधी मागहरू कहिल्यै उठाएनन्। उनीहरू वैज्ञानिक भूमिसुधारको समेत विरोध गरिरहेका छन्। यस प्रकार मधेश- केन्द्रीत दलका नेताहरूले आफुलाई मुट्ठीभरका सामन्त, शोषक, दलाल वर्ग र तहको र विदेशी स्वार्थको प्रतिनिधि बनाउन पुगेका छन्। उनीहरू, श्रमजीवी लगायत तराई/मधेशका व्यापक जनताका प्रतिनिधि बन्न सकेनन्। अतः तराईका सवै जातजातिका नेपालीहरूले केही मधेश केन्द्रीत दलका नेताहरूद्वारा क्षेत्रीयतावादको आधारमा अघि सारिएका सङ्कीर्ण स्वार्थी

जनविरोधी नाराहरूलाई परित्याग गर्दै अघि बढ्नु पर्दछ। यसको अगुवाइ नेकपा (माले) लगायतका प्रगतिशील पार्टीहरूले मात्र गर्न सक्तछन्, जसको निम्ति उनीहरू साहसका साथ अघि बढ्नु पर्दछ।

**४.६ नाकाबन्दी :** संविधानसभाबाट निर्मित र ३ असोज २०७२ मा जारि गरिएको नेपालको नयाँ संविधान विदेशी रणनीति अनुकुल नभएको हुनाले यसलाई त्यस रणनीति अनुकुल बनाउनको निम्ति ५ असोज, २०७२ देखि वर्तमान भारत सरकारले नेपालविरूद्ध गैरकानुनी, अन्तर्राष्ट्रिय मान्यताविपरित र अमानवीय नाकाबन्दी लगायो। नाकावन्दीको बचाउ गर्नको निम्ति भारतका सत्ताधारीहरूको तर्फबाट नेपालका स्वार्थी, सङ्कीर्ण, पूर्वाग्रही र घातक-अवसरवादी केही मधेश-केन्द्रित नेताहरूलाई शिखण्डी बनाएर मैदानमा उतारियो। नेपाली जनता र सरकारको प्रतिवाद तथा दृढ विरोध र भारतीय जनता लगायत विश्व जनताको बढ्दो विरोधका कारण तेस्रो महिनापछि अमानवीय भारतीय नाकावन्दी पराजित हुन शुरू गरी २२ माघ, २०७२ मा आएर अन्त्य भएको छ। तर अझै तराई/मधेशलाई नेपालबाट अलग्याउने भारतीय सङ्कीर्ण रणनीति खारेज भैसकेको देखिएको छैनः निम्न क्रियाकलापहरूले यस निचोडलाई पुष्टि गरिरहेका छन्।

मधेश-केन्द्रित दलका नेताहरू सङ्घीय प्रदेशहरूको सीमाङ्कन लगायतका अन्य असन्तुष्टिहरूबारे सवै कोणहरूबाट गहन बिचार-विमर्श गरी सहमति खोज्न सरकारले अघि सारेको **उच्चस्तरीय समिति**मा पूर्वाग्रहवश सहभागी नहुने, उल्टै सरकार विरूद्ध सशक्त आन्दोलन गर्ने घोषणा गरिरहेका छन्; केही भूमिगत गुटहरू भारतीय भूमिबाट विखण्डनकारी हिंसात्मक सङ्घर्ष गर्ने तयारीमा लागेका देखिन्छन्; कतिपय उग्रवामपन्थी समूहहरू पनि क्रान्तिको नाउमा सरकारविरूद्ध हिंसात्मक सङ्घर्ष छेड्ने कार्यमा लागेका छन् र दक्षिणको छिमेकी सरकार 'नेपालको संविधान अपूर्ण, गैरसमावेशी र सवै समुदायलाई समेट्न असक्षम छ र निश्चित समयभित्र त्यसलाई उनका चाहना अनुसार संशोधन नगर्ने हो भने नेपालमा शान्ति र स्थीरता हुने छैन' भनी अन्तर्राष्ट्रिय जनमतको दवाव सृजना गर्ने काममा लागेको छ। 'नयाँ शक्ति' नाउको भट्टराईको नवजात पार्टी विखण्डनकारी मागहरूको समर्थनमा जनमत जुटाउन सडकमा



उत्रिन थालेको छ। नेपालको भौगोलिक अखण्डता र स्वतन्त्र अस्तित्वमा चुनौती दिने यस्ता परिघटनाहरूलाई देशका जिम्मेवार राजनीतिक दलहरूले गम्भीरताकासाथ लिनु पर्दछ।

**४.७ विदेशीको संभावित वैकल्पिक रणनीतिः** आफ्नो अस्तित्व रक्षाको निम्ति नेपालले एकपछि अर्को घातक विदेशी रणनीति विरूद्ध सङ्घर्ष गर्दै आएको छ। त्यति मात्र होइन, यसले धूर्ततापूर्वक बनाइने नयाँ-नयाँ विदेशी रणनीतिहरू विरूद्धको सङ्घर्षलाई उन्नत स्तरबाट अघि बढाउन पनि हरदम तयार रहनु आवश्यक छ। २००७ साल पश्चात 'विधानसभा'को माध्यमबाट नेपाललाई सिङ्गै निल्ने विदेशी रणनीति राजा महेन्द्रकै समयमा असफल भयो। सन् १९७० पश्चात् नेपाललाई टुक्र्याएर विलिन गर्ने दोस्रो विदेशी रणनीति कृयाशील हुन थाल्यो। यस अर्न्तगत २०३०-३५ सालतिर थालिएको पहिलो प्रयोग असफल भएपछि माओवादी र मधेशी आन्दोलनको माध्यमबाट गरिएको प्रयोग चालू भइरहेको छ। नेपालका राजनीतिक दल, नेपाल सरकार र नेपाली जनताको विरोध र अन्तर्राष्ट्रिय विरोधी जनमतको कारण भारतले नाकावन्दीबाट पछि हट्नु परे झैं उक्त दोस्रो प्रयोग हालसम्म चालू रहेका छ। नेपालका राजनीतिक दल, नेपाल सरकार र नेपाली जनताको विरोध र अन्तर्राष्ट्रिय विरोधी जनमतको कारण भारतले नाकाबन्दीबाट पछि हट्नु परे झैं त्यसले उक्त दोस्रो प्रयोगबाट पनि पूर्ण रुपमा पछि हट्न बाध्य हुनु पर्नेछ। त्यस्तो भए पछि नेपाललाई नियन्त्रण र विलय गर्ने अर्को वैकल्पिक विदेशी रणनीति पनि अवश्य निर्माण हुनेछ। त्यसको तयारी शुरू गरिएको आभाष हिजोआज नै मिल्न थालिसकेको छ।

तयारी भइरहेको नयाँ विदेशी रणनीति नेपाल भित्रैबाट यसलाई नियन्त्रित गर्ने र आत्महत्यातर्फ धकेल्ने रणनीति हुनसक्ने आँकलन गर्न सकिन्छ। कथित 'नयाँ शक्ति'को छातामुनि सङ्कीर्ण जातीवादी तथा क्षेत्रवादी दलहरूलाई गोलबन्द गर्ने र तराई र पहाडका विभिन्नखाले विखण्डनकारी गुटहरूलाई प्रयोग गरी नेपालमा अस्थीरता सृजना गर्ने प्रयास भइरहेको छ। यसका निम्ति एकापट्टि **'राजनीतिक समस्या समाधान भैसक्यो, अब आर्थिक विकास र आर्थिक राष्ट्रवादको निर्माण गरिनुपर्छ'** भन्दै नेपाली जनताको राजनीतिक र राष्ट्रवादी

जागरणलाई भुत्ते पार्ने कोशिस हुदैछ भने अर्कोपट्टि क्रान्ति र परिवर्तनको चर्को नारा अन्तरगत उग्र अतिवादी क्रियाकलापलाई समेत प्रोत्साहित गरिदैछ। यस प्रकार सामाजिक अस्थीरता बढाई नेपाललाई कमजोर, गरीब र पछौटे राख्ने अनि अर्कोपट्टि जनताको राष्ट्रिय र राजनीतिक चेतलाई भुत्ते पारी विदेशका तावेदारहरूको नेतृत्वमा देशलाई विदेशी नियन्त्रण र अस्तित्वविहिनताको स्थितिमा पुऱ्याउने वैकल्पिक विदेशी रणनीति तयार भइरहेको छ।

**४.८ निष्कर्ष :** माथिको संक्षिप्त चर्चाबाट हामी यो निष्कर्शमा पुग्छौं कि **विशेष गरी आधुनिक कालमा नेपालले निरन्तर अस्तित्वरक्षाको सङ्कट झेल्नु परिरहेको छ, जुन एक पछि अर्कोमा झन जटील र कठीन बनिरहेको छ। यस सँगसँगै नेपाली समाजभित्रै प्रगतिशील सामाजिक परिवर्तन ल्याउन मूलभूतरूपमा सहीढङ्गले वर्ग-सङ्घर्ष परिचालित गर्नुका साथै अन्य विभिन्न प्रकारका क्षेत्रगत (sectoral) अन्तरविरोधहरूलाई पनि वर्ग-सङ्घर्षसङ्ग तालमेल मिलाउदै सहीढङ्गले सम्वोधन गर्नुपर्ने आवश्यकता ज्वलन्त बनेको छ।**

यस्तो अवस्थामा देशभक्त परिवर्तनकारी राजनीतिक शक्तिहरूले नेपालको अस्तित्वरक्षा र राज्यको रूपमा यसको स्वतन्त्रता, सार्वभौमसत्ता एवम् भूअखण्डता रक्षाको विषयलाई प्राथमिकता दिएर मात्र सामाजिक परिवर्तनको सङ्घर्ष सञ्चालन गर्नुपर्ने र उक्त विषयको प्रतिकूल हुने गरी कुनै पनि वाह्यसमर्थन र सहयोग स्वीकार गर्नु नहुने कुरालाई गंभीरताका साथ आत्मसात् गर्दै दृढतापूर्वक कार्यान्वयन गर्नुपर्छ। माओवादी आन्दोलन र "दोस्रो दिल्ली सम्झौता" मा भारत सरकारलाई अविचारित ढङ्गले संलग्न गराउने कार्यले गर्दा भारतले नेपाललाई संविधानद्वारा विखण्डित गर्दै यसलाई विलय गर्ने आफ्नो सङ्कीर्ण रणनीति लागू गर्न यति नाङ्गगो हस्तक्षेप गर्ने दुस्साहस गर्न सकेको हो। यसबाट नेपाली राजनीतिक दलहरूले गम्भीर शिक्षा लिनुपर्छ। **नेपाली राष्ट्रिय हितलाई प्राथमिकतामा राख्ने यस्तो चिन्तन नेपाल चिन्तनको एउटा महत्वपूर्ण आयाम हो।**



संक्षेपमा भन्दा, ऋषि-मुनिहरूबाट होस् वा सन्त-महन्तहरूबाट, राजा-महाराजाहरूबाट होस् वा सैनिक योद्धाहरूबाट, साहित्यकार-कलाकारहरूबाट होस् वा विसे नगर्ची-वंशी गुरूङ्गहरूबाट, इतिहासकार रचिन्तकहरूबाट होस् वा राजनीतिक कर्मीहरूबाट, पूँजीवादी प्रजातन्त्रवादीहरूबाट होस् वा वामपन्थी कम्युनिष्टहरूबाट, जोबाट भएपनि नेपालको अस्तित्व रक्षा र राज्यको रूपमा यसको स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डताको पक्षमा सुविचारित ढङ्गले व्यक्त गरिएका विचारहरू र तिनको कार्यान्वय गर्ने नीति र योजनाहरूको श्रृंखला **नेपाल चिन्तनको अर्को महत्वपूर्ण आयाम हो**। यसको मनन र मार्गदर्शनबाट हामीलाई नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता तथा भूअखण्डता विरूद्ध विगतकालदेखि नै विदेशी उपनिवेशवादी, विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूले अपनाएका सङ्कीर्ण रणनीति र चालवाजीहरूलाई चिन्न, तिनीहरू विरूद्ध हाम्रा वहुजातीय पुर्खाहरूले गरेका जटील र कठीन सङ्घर्षहरूको महत्वलाई बुझ्न र अब पनि अपनाइने त्यस्ता विदशी रणनीति र चालहरूको पहिचान गर्न र तिनीहरू विरोधी सङ्घर्षलाई कुशलतापूर्वक संचालन गर्न सहयोग प्राप्त हुनेछ।

**यस्तो अवस्थामा देशभक्त परिवर्तनकारी राजनीतिक शक्तिहरूले नेपालको अस्तित्वरक्षा र राज्यको रूपमा यसको स्वतन्त्रता, सार्वभौमसत्ता एवम् भूअखण्डता रक्षाको विषयलाई प्राथमिकता दिएर मात्र सामाजिक परिवर्तनको संघर्ष सञ्चालन गर्नुपर्ने र उक्त विषयको प्रतिकूल हुने गरी कुनै पनि वाह्यसमर्थन र सहयोग स्वीकार गर्नु नहुने कुरालाई गंभीरताका साथ आत्मसात् गर्दै दृढतापूर्वक कार्यान्वयन गर्नुपर्छ।**

# ५.नेपाल र नेपाली क्रान्तिका विशिष्टताहरू

हरेक मुलुकका आ-आफ्ना विशेषताहरू हुन्छन् । कहीँ त्यस्ता विशेषताहरूले त्यस मुलुकका केही समस्याहरूलाई समाधान गर्ने विशिष्ट नीति र तरिकाको माग मात्र गर्छन्, त कहीँ तिनले त्यस मुलुकको क्रान्तिको स्वरूपमा नै विशिष्टता उत्पन्न गरिदिन्छन् । भूराजनैतिक अवस्थिति नेपालको सर्वप्रमुख विशिष्ट्ता हो । यसले नेपालका कैयौं समस्याहरूको समाधान गर्ने तरिका तथा नीतिहरूलाई मात्र होइन, नेपाली क्रान्तिको स्वरूपलाई नै प्रभावित गरेको छ । नेपाल विविधताको मुलुक हो । यो बहुजातीय, बहुसाँस्कृतिक र भौगोलिक विविधतासम्पन्न अनि जातपातीय परिपाटी पनि भएको मुलुक हो । यहाँ यी बिभिन्न जात र जातिहरू आपसमा घुलमिल गर्दै यस प्रकार वसोवास गरिरहेका छन् कि प्रदेश बनिने भूगोलमा कुनै पनि एउटा जातिको ६०/७० प्रतिशतको राम्रो वहुमत भएको अवस्था छैन । यस्ता विशेषताहरू महत्वपूर्ण छन्, जसले समस्या समाधान गर्ने नीतिहरूलाई प्रभावित गर्न सक्छन् । समाज परिवर्तन गर्ने र जनक्रान्ति गर्नु भन्दा पहिले देशका सबै विशेषताहरूको पहिचान गर्नुपर्छ । त्यसपछि उद्देश्य प्राप्तिको निम्ति तिनलाई उपयुक्तढङ्गले सम्वोधन गर्ने गरी योजना, कार्यक्रम र नीति बनाउनु पर्छ । यो काम राम्ररी गर्न नसक्दा समाज परिवर्तन गर्ने वा जनक्रान्तिलाई अघि बढाउने कार्यमा अपेक्षित सफलता प्राप्त गर्न सकिन्न ।

**५.१** नेपाली क्रान्तिको विशिष्टता पहिचान गर्न ध्यान नदिदा वा नसक्ता क्रान्तिकारी सङ्घर्षमा धेरै जटीलता उत्पन्न भएका छन् र जनता तथा राष्ट्रले अनावश्यक क्षति समेत व्यहोर्नु परेको छ । संवेदनशील भू-राजनीतिक कारणले गर्दा नै नेपालको नयाँ जनवादी क्रान्तिको प्रक्रिया शुरू भैसकेपछि पनि त्यो लक्ष्यमा पुग्न पटक-पटक असफल भएको छ । हरेक पटक त्यसले समाजको केही अग्रगामी परिवर्तनमै रोकिनु परेको छ । २००७ साल, २०४६ साल र २०६३ सालमा यही परिवेशमा निश्चित अग्रगामी पपिरवर्तनहरू भए । मौजुदा स्थितिमा ती समस्याका अग्रगामी निकास मात्र थिए, पूर्ण समाधान थिएनन् ।२००७ सालमा जनक्रान्तिद्वारा राणाशाहीको क्रमिक पतन, २०४६ सालमा निरंकुश र निर्दलीय पंचायती व्यवस्थाको पतन र २०६३ सालमा शुरू भएको शाहवंशीय राजतन्त्रको पतन, जनता र शोषक वर्गीय सत्ताविच विद्यमान  अन्तरविरोधका सामयिक अग्रगामी राजनीतिक निकास मात्र थिए, तिनको पूर्ण समाधान थिएनन् ।



नेपालमा नयाँ जनवादी क्रान्ति सफल भयो भने त्यसले तत्कालै दक्षिण एशियामा मात्र होइन, साम्राज्यवादी खेमामै उथल-पुथल ल्याउँछ । यही कारणले गर्दा नेपालमा जनआन्दोलन उभारमा आएपछि केही अग्रगामी परिवर्तन गर्न सहमत भएर त्यसलाई पथविचलित पार्न वा त्यो संभव नभए त्यसलाई हिंस्रक ढङ्गले कुल्चन विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरू गोलवन्द हुने र कार्वाहीमा उत्रने गर्दछन् । त्यही कारण नेपालमा भएका आजसम्मका जनक्रान्तिहरू लक्ष्यमा नपुगी तुहन पुगेका हुन् । नेपाली जनताको शक्ति उनीहरूको गठवन्धनको शक्तिलाई नाघ्ने स्थितिमा नपुगञ्जेल यस्तै भइरहने निश्चित छ । यसले गर्दा नै पटक-पटक अग्रगामी राजनीतिक परिवर्तन गरिदै राष्ट्रिय क्रान्तिकारी शक्ति एकतावद्ध तथा सशक्त हुने र  अन्तर्राष्ट्रिय न्यूनतम रूपमा स्थिति अनुकुल भएको अवस्थामा  मात्र आमूल परिवर्तन गरी जनवाद तथा समाजवादमा जानसक्ने नेपाली क्रान्तिको विशेषता रहेको छ । **यो वास्तविकताको वोध नेपाल चिन्तनको अर्को महत्वपूर्ण आयाम हो ।** यस विशेषतालाई हृदयङ्गम गरी जनवादी क्रान्तिको लक्ष्यप्रति समर्पित कार्यनीतिक कार्यदिशा तय गरी वर्गसङ्घर्ष,  राजनीतिक सङ्घर्ष र नयाँजनवादउन्मुख अर्थतन्त्र निर्माणको तात्कालिक सङ्घर्षलाई अघि बढाउनु पर्छ ।

**५.२** नेपाली क्रान्तिमा उपरोक्त विशिष्टता उत्पन्न गर्नु बाहेक मुलुकको भूराजनीतिले र विविधतायुक्त अन्य विशेषताले नेपाली क्रान्तिमा अरु विशिष्टताहरू थप्ने र कतिपय समस्याहरूको समाधान विशिष्ट तरिकाले गर्नु पर्ने अवस्था सृजना गरिदिएका छन् । विशिष्टताका निम्न उदाहरणहरू उल्लेख्य छन् : **(क)** एकीकरणको समयदेखि नै 'नेपाल दुई ढुंगाबीचको तरूल' जस्तो स्थितिमा रहन पुगेको छ । **(ख)** शक्ति राष्ट्रहरूबीच नेपालले असंलग्न र तटस्थ रहनु पर्ने वाध्यात्मक स्थिति उन्पन्न भएको छ । **(ग)** ५०/६० वटा जति जाति (Ethnicities) आपसमा घुलमिल गरी प्रदेश बनिने देशको भूगोलमा कुनै पनि जाति विशेषको ६०/७० प्रतिशतको राम्रो वहुमत नपुग्ने गरी बसोवास गरिरहेको मुलुकमा प्रदेशहरूको नामाकरणको आधारमा नभएर संविधान र कानुनबाट जातीय पहिचान संस्थागत गर्नु पर्ने विशिष्टता उत्पन्न भएको छ । **(घ)** नेपालमा बसोवास गर्ने सबै जातिहरूलाई प्राचीन र आधुनिक परिभाषाको आधारमा पनि यहाँका मूलवासी वा आदिवासी मान्नुपर्ने अवस्था छ । **(ङ)** जातीय, क्षेत्रीय, लिङ्गीय तथा जातपातीय समानता तथा समावेशीकरण र सत्ता एवम् साधन-श्रोतहरूमा समान पहुँच संविधान र कानुनद्वारा सुनिश्चित गरिनु पर्छ । **(च)** चीन र भारत दुवै छिमेकीका सीमाना छुने

गरी जातीय एवम् भौगोलिक ढङ्गले समावेशी चरित्रका प्रशासनिक क्षेत्र वा सङ्घीय प्रदेशको संरचना बनाउँदा मात्र देशको सुरक्षा र सर्वोत्तम हित हुनसक्ने अवस्था रहेको छ। **(छ)** आफ्नो सुरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डतालाई प्रवर्द्धन गर्न भूपरिवेष्ठित नेपालले पारवहन र व्यापारमा विविधता कायम गर्ने नीति लिनु अनिवार्य वनेको छ। **(ज)** स्वावलम्वन तथा आत्मनिर्भरताको नीति लिनु देशको आर्थिक विकासको निम्ति अत्यावश्यक रहेको छ। **(झ)** दुवै छिमेकी ठूला देशहरूप्रति समसामिप्यताको नीति लिनु अपरिहार्य छ। **(ञ)** नेपालका उपरोक्त विशिष्टता रहे पनि र नेपाली समाजको अग्रगामी परिवर्तनको निम्ति तिनको समाधान अरु मुलुकको तुलनामा नेपालमा भिन्न र विशिष्ट ढङ्गले गर्नु परे पनि नेपाली समाजको प्रगतिशील परिवर्तनको मूलशक्ति यहीका प्रतिक्रियावादी वर्गहरू बिरुद्धको व्यापक बहुसंख्यक जनताको सङ्घर्ष, मूलतः वर्गसङ्घर्ष नै हो। यो सार्वभौमिक सचाइ नेपालको निम्ति विशिष्ट सचाइ समेत बनेर रहेको छ। राष्ट्रिय हितको सर्म्वद्धन हुने गरी नेपाली वस्तुस्थितिमा मार्क्सवाद-लेनिनवाद तथा माओत्सेतुङ विचारधाराको प्रयोग गर्दा हामी यिनै नतिजा पाउँछौ। **यस्तो सोंच नेपाल चिन्तनको अर्को महत्वपूर्ण आयाम हो।**

देशमा क्रियाशील राजनीतिक दलहरूले नेपालका विशिष्टताहरूको पहिचान नगरी र आफूले लिएका नीतिले नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौमसता र भूअखण्डता प्रवर्द्धन हुने/नहुने विषयमा विचारै नपुर्‍याई कतिपय सामाजिक-राजनीतिक प्रश्नहरूको ‘समाधान गर्ने’ नाउमा जनतालाई गलत नीतिका आधारमा आन्दोलित गरेका हुनाले आज राष्ट्र जटिलतामा फँस्न पुगेको छ। यस जटिलताबाट देशलाई बाहिर निकाल्दै ती समस्याहरूलाई देशको हितरक्षा हुने गरी समाधान गर्न जिम्मेवार दलहरूले **नेपाल चिन्तन अवलम्वन गर्नु अत्यावश्यक छ।**

महत्वको क्रमअनुसार उल्लेख गर्दा नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डतालाई प्राथमिकता दिनेगरी मात्र सामाजिक परिवर्तनमा जोड दिने, पटक-पटक अग्रगामी राजनीतिक परिवर्तन गर्दै अनुकूल राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थितिमा मात्र समाजको आमूल परिवर्तन गर्न सकिने नेपाली क्रान्तिको विशेषताका आधारमा मात्र परिवर्तनको कार्यनीति बनाउने, राज्यको केन्द्र बलियो रहने शर्त लागू हुने गरी मात्र सङ्घीय केन्द्र र प्रदेशहरूवीच राज्यशक्तिको बाँडफाँट गर्ने र कुनै पनि समस्या समाधान गर्दा विद्यमान भूराजनीतिक अवस्थितिमा राष्ट्रिय हित प्रवर्द्धन हुने प्रत्याभूति गर्ने चिन्तन नै नेपाल चिन्तन हो।



# ६.मार्क्सवादको सृजनात्मक प्रयोग र नेपाल चिन्तन

नेपालको ठोस वस्तुस्थिति भनेको समाजको वर्गीय चरित्र र वर्गसम्वन्धको अवस्था, अन्तर्राष्ट्रिय सम्वन्धको चरित्र र विशिष्टता, राजनीतिक प्रणाली, सामाजिक (जात-जातिको) अवस्था, देशको भूराजनीतिक स्थिति र त्यसबाट उत्पन्न प्रभावहरू आदिको विद्यमान स्थिति हो। मार्क्सवादको सृजनात्मक प्रयोग गर्नु भनेको एकीकृत विचार प्रणालीको रूपमा मार्क्सवाद-लेनिनवाद तथा माओत्सेतुङ् विचारधाराका विधि र मान्यताहरू मुताविक ठोस वस्तुस्थितिमा सामाजिक परिवर्तन, क्रान्ति र निर्माण सम्वन्धी योजना, कार्यक्रम, नीति आदिको निर्माण गर्नु र तिनलाई लागू गर्नु हो। २००६ सालको वैशाख १० गते भएको नेकपाको स्थापनादेखि नै अग्रज नेताहरूको नेतृत्वमा पार्टीले सिद्धान्तलाई सृजनात्मक ढङ्गले लागू गर्ने प्रयाश गर्दै आएको थियो। आज हामीहरू त्यही काम गरिरहेका छौं। यसको निम्ति पहिलो आवश्यकता हो, वस्तुस्थितिको सही पहिचान गर्नु। त्यसपछि आउँछ समस्याको समाधान गर्ने नीति बनाउन मार्क्सवाद लागू गर्ने कुशलता।

वस्तुस्थितिको पहिचान जति सटीक हुन्छ र मार्क्सवाद प्रयोग गर्ने शीप जति परिपक्व हुँदै जान्छ, समाज परिवर्तन, क्रान्ति वा निर्माणका नीतिहरू उत्ति नै प्रभावकारी र सही हुँदै जान्छन र परिणाम पनि तद्नुरूप उपलब्धीपूर्ण हुँदै जान्छन। त्यसकारण हामीले यो स्वीकार गर्नुपर्छ कि ठोस वस्तुस्थितिको पहिचान गर्ने क्षमता र मार्क्सवाद लागू गर्ने शीप पनि वर्गसङ्घर्षको विकास वा समस्या समाधान गर्ने प्रक्रियामै अर्थात व्यवहारको दौरानमा नै बढ्दै जान्छन्। एउटा निश्चित विन्दुमा पुगेपछि अनुभवमा आधारित ज्ञान फड्को मार्छ वा सैद्धान्तिक तहमा पुग्छ। नेपाली वस्तुस्थितिमा सफलताकासाथ मार्क्सवादको सृजनात्मक प्रयोग गर्दै आउने शिलशिलामा नै आज हामी ६६ वर्षमा प्राप्त अनुभवसिद्ध ज्ञानलाई विवेकसम्मत ज्ञानको रूपमा व्यवस्थित गर्दैछौं, नेपाल चिन्तनलाई व्यवस्थित र संस्थागत गरिरहेका छौं।

यहाँ नेपाली वस्तुस्थितिमा मार्क्सवादको सृजनात्मक प्रयोगका महत्वपूर्ण सोपानहरूबारे संक्षेपमा उल्लेख गरिने छ।

**६.१** पार्टीका संस्थापक नेता क.पुष्पलालले नेपाली समाज र तत्कालीन अन्तर्राष्ट्रिय स्थितिको सटीक विश्लेषण र मूल्याङ्कन गर्दै नेपाली समाजको चरित्र अर्द्धसामन्ती तथा अर्द्धऔपनिवेशिक रहेको, नेपाली क्रान्तिको चरित्र नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादमा जाने रहेको तथा त्यसको सिद्धान्त जनताको जनवादी वा लोकजनवादी रहेको निचोड निकाल्नु भयो र नयाँ जनवादको न्यूनतम (आम) कार्यक्रम अघि सार्नु भयो, जसले नेकपाको तेस्रो राष्ट्रिय सम्मेलन (२०२५ साल) द्वारा स्पष्टता हासिल गर्‍यो ।

**६.२** नेकपाको प्रारम्भिक कालमा जनवादी क्रान्तिको रणनीतिक लक्ष्य *(नयाँ जनवादी सत्ता जनसत्ताको स्थापना)* र तात्कालिक कार्यनीति निर्धारणको सम्वन्धमा पार्टीमा भ्रमपूर्ण विचार र गल्ती-कमजोरीयुक्त सोंचहरू विद्यमान थिए । एकापट्टि पार्टीमा तत्काल जनसत्ता *(जनगणतन्त्र)* स्थापना गर्ने कार्यनीति लिनु पर्ने बिचार प्रभावशाली थियो भने अर्कोतिर रणनीतिक लक्ष्य वा कार्यक्रमबारे स्पष्ट निर्धारण अघि नसारी “व्यवहारिकताको आधारमा” कार्यनीति निर्धारण गर्ने बिचार पनि पार्टीमा बढिरहेको थियो । अघिल्लो बिचार उग्रबामपन्थी थियो भने पछिल्लो बिचारले “व्यवहारिक कार्यनीति”लाई नै रणनीतिक लक्ष्य *(कार्यक्रम)* बनाउन खोज्ने अवसरवादी अवस्था उत्पन्न गरिरहेको थियो । यस्तै अन्यौलपूर्ण स्थितिमा पार्टी सञ्चालन हुँदा विस.२०१३ पछि नेकपाको नेतृत्वमा केशरजङ्ग रायमाझी पुगे । उनको नेतृत्वले नेकपालाई दक्षिणपंथी अवसरवादी भासमा पुर्‍यायो, जसका विरुद्ध राजनीतिक सङ्घर्ष गर्ने क्रममा विभिन्न बैचारिक उतार-चढावहरूबाट गुज्रदै क.पुष्पलाल पार्टीको तेस्रो राष्ट्रिय सम्मेलनबाट नयाँ जनवादको प्राप्तिलाई रणनीतिक लक्ष्य र तत्काल राजाको सक्रिय नेतृत्वमा रहेको पञ्चायती निर्दलीय निरंकुशतन्त्र विरुद्ध प्रजातन्त्र प्राप्तिको निम्ति ‘संयुक्त जनआन्दोलन’ सञ्चालन गर्नुलाई तात्कालिक कार्यनीति निर्धारण गर्न पुग्नुभयो । यो सटीक निर्धारण थियो, जसले जनवादी क्रान्तिको रणनीतिक लक्ष्य र तत्कालिन वर्गीय आवश्यकता *(कार्यनीति)* दुवैलाई प्रतिनिधित्व गर्न सक्थ्यो । उपयुक्त समयमा भएको यस कार्यनीतिको प्रयोगले नेपाली क्रान्तिको विशिष्टतालाई उजागर गर्न योगदान गरेको छ । २०४६ र २०६३ सालमा मूलभूतरूपमा यही कार्यनीतिको सफल



कार्यान्वयन भयो । यिनै प्रयोगले पटकपटक राजनीतिक परिवर्तन गर्दै उपयुक्त अनुकूल राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थितिमा आमूल परिवर्तन गर्न सकिने नेपाली क्रान्तिको विशेषतालाई उजागर गरेका छन् ।

**६.३.** झापा सङ्घर्षको सुरुआती अवस्थामा धेरै उग्रवामपन्थी सोच र मान्यताहरू विद्यमान भए पनि वर्गसङ्घर्ष विकासको दौरान अध्ययन र व्यवहारिक अनुभवको आधारमा अपेक्षाकृत सहजताका साथ तिनीहरूलाई सच्याउने काम भयो । नेपालका विशेषताहरू पहिल्याउने र नेपाली जनता तथा राष्ट्रका सर्वोत्तम हित रक्षा हुने गरी मार्क्सवाद-लेनिनवादलाई सृजनात्मक ढङ्गले प्रयोग गर्ने दृष्टिकोणको कारण उपरोक्त कार्य हुन सकेको थियो । तल केही महत्वपूर्ण कार्यको चर्चा गरिन्छ ।

विदेशमा बसेर हैन, नेपाली जनताको माझमा बसेर, जनताकै सहयोग, समर्थन र सहभागितामा सङ्घर्ष सञ्चालन गर्ने झापाली क्रान्तिकारीहरूको सङ्कल्पले सङ्घर्षलाई जनता तथा राष्ट्रका माग र भावना अनुसार अघि बढाउन र आन्दोलनमा निहित उग्रवामपंथी भडकाउलाई चिन्हित गर्दै सच्च्याउन अत्यन्त प्रभावकारी भूमिका खेल्यो ।

पृथ्वी नारायण शाहको नेतृत्वमा गरिएको नेपालको एकीकरणप्रति कामरेड पुष्पलालको दृष्टिकोण सकारात्मक थियो । २०३५ सालमा नेकपा (माले) को स्थापना गर्ने राष्ट्रिय सम्मेलनले नेपाल एकीकरणको उच्च मूल्यांकन गरेको थियो ।

सन् १९७० मा भारत र तत्कालिन सोभियतसङ्घ वीच २० वर्षे रणनीतिक सम्झौता भएको राजनैतिक परिवेशमा राजा वीरेन्द्रद्वारा २०३१ सालमा अघि सारिएको ‘नेपाललाई शान्तिक्षेत्र घोषणा गर्ने’ प्रस्तावलाई तत्कालिन नेकपा (माले) को **संस्थापन पक्ष**ले पूर्णरूपमा विरोध नगर्ने र त्यसमा निहीत राष्ट्रिय हित रक्षा गर्ने पक्षलाई जनवादी क्रान्तिमा प्रयोग गर्ने नीति लिएको थियो ।

यही परिवेशमा नै तत्कालीन **नेकपा (माले) को संस्थापन पक्ष**ले विपी कोईरालाद्वारा २०३२ सालदेखि अघि बढाइएको राष्ट्रिय मेलमिलापको नीतिलाई सन्तुलित ढङ्गले आलोचना गर्ने नीति लिएको थियो ।

नेकपा (माले) को **संस्थापन पक्ष**ले 'जनमत सङ्ग्रह'को समय २०३५-३७ सालमा अन्ततः निर्दलीयताको विरुद्ध बहुदलीय प्रजातन्त्रको पक्षमा उभिन पुगेको थियो । मतदानको समयमा पार्टी नीतिगत बहिस्कार गर्न पुगे पनि नेतृत्व बहुदलकै पक्षधर रहेको थियो ।

जनमत सङ्ग्रह पछि नेकपा (माले) ले नेपाली क्रान्तिमा बल प्रयोगको रूप चीन या रुसको जस्तो नभई जनआन्दोलन, जनविद्रोह र गाँऊ आधारित सशस्त्र सङ्घर्षको संयोजित रूप हुन सक्ने मान्यता अघि सारेको थियो ।

सरकारले 'जनमत सङ्ग्रह' द्वारा "सुधारिएको निर्दलीय पञ्चायती व्यवस्था"को पक्षलाई विजयी बनाएपश्चात नेकपा (माले)को **तत्कालिन नेतृत्वले** पार्टी स्वतन्त्रता=बहुदलीय प्रजातन्त्रका निम्ति संयुक्त सङ्घर्ष गर्ने कार्यनीति लिएको थियो ।

उपरोक्त कार्यनीतिको आधारमा भएको २०४६ सालको पञ्चायती निर्दलीय निरंकुशतन्त्र विरूद्धको वामपन्थी शक्ति र नेपाली कांग्रेसको संयुक्त जनआन्दोलनद्वारा देशमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको स्थापना भयो ।

तत्पश्चात नेकपा (एमाले) को नेतृत्वले लामो समयसम्म उक्त राजनीतिक परिवर्तनको महत्वलाई न्यूनिकरण गर्न त्यसलाई *'निर्दलीय स्वरूप बहुदलीय स्वरूपमा मात्र परिवर्तन भएको  र बहुदलीय प्रजातन्त्र नभएर बहुदलीय व्यवस्थामात्र प्राप्त भएको'* मूल्यांकन गरेकोबेला **'फरकमत पक्ष'** ले त्यसलाई सामन्तवाद एवम् राजतन्त्र विद्यमान रहेको विशिष्ट स्थितिमा लागू भएको एक विशेषखाले पुँजीवादी प्रजातान्त्रिक परिवर्तन भनी सकारात्मक मूल्याङ्कन गरेको थियो ।

नेकपा (माले)को **'फरकमत पक्ष'**ले राष्ट्रिय  हित रक्षाको पक्षपोषण गर्दै महाकाली सन्धीको आलोचना र विरोध गर्‍यो । यही अडान २०५४ मा 'एमाले' विभाजितहुने प्रमुख राजनीतिक कारण बन्न पुगेको थियो ।

उपरोक्त सबै दृष्टिकोण र नीतिहरू नेपालको वस्तुस्थितिमा मार्क्सवादको सृजनात्मक प्रयोग गर्ने अभ्यासहरू नै थिए । वस्तुतः यिनीहरूलाई नेपाल चिन्तनकै अभिव्यक्ति मान्न सकिन्छ ।



**६.४.** नेकपा (माओवादी) ले लिएको सशस्त्र सङ्घर्षको कार्यदिशाबारे २०५८ मा पुनर्गठित नेकपा (माले) का आलोचनात्मक दृष्टिकोण तथा नीतिहरू र अग्रगामी सामाजिक-आर्थिक परिवर्तनका प्रश्नमा साझा सहमति कायम गर्दै तीन राजनैतिक शक्तिहरू (राजा, संसदीय धारका पार्टीहरू र माओवादी पार्टी) ले आपसमा सहकार्य गर्नु पर्ने नेकपा (माले) को नीति जगजाहेर नै छन् । नेकपा (माओवादी)ले अवलम्बन गरेका 'दक्षिण एशियामा सोभियत मोडलका महासङ्घ गठन गर्ने नीति', जातीय/क्षेत्रीय प्रदेश बनाउने र ती प्रदेशहरूलाई आत्मनिर्णयको अधिकार दिने नीति, नागरिकता नीति, १२ बुँदे दिल्ली सम्झौताको तेस्रो बुँदामा रहेको *'नेपाली सेना र माओवादी सेनालाई संयुक्त राष्ट्रसङ्घ वा कुनै भरपर्दो मित्रराष्ट्रको सुपरिवेक्षणमा राख्ने नीति'* आदिप्रति नेकपा (माले) को दृढ विरोध रहेको सुविदितै छ । संविधानसभाद्वारा राजतन्त्रको अन्त्य गरिएपछि नेपाली समाज र क्रान्तिको चरित्रमा परिवर्तन भएको गलत विश्लेषणप्रति पार्टीको स्पष्ट असहमति, जारी मधेश आन्दोलन व्यापक मधेशी नेपाली जनताको हितमा नभएको भन्ने नेकपा (माले) को दृष्टिकोण,  २०७२ को भारतीय नाकाबन्दी र त्यसबाट कम्युनिष्ट आन्दोलनले मात्र नभई सवैदल र सम्पूर्ण देशवासीले लिनुपर्ने शिक्षाबारेका नेकपा (माले) का दृष्टिकोण र नीतिहरूबारे हामी पूर्ण जानकार छौं ।

**६.५.** नेकपा (माले) माथि उल्लेखित पृष्ठभूमिबाट अघि बढ्दै आज नेपाल चिन्तनलाई व्यवस्थित र पार्टीमा संस्थागत गर्ने ठाऊँसम्म आइपुगेको छ । **नेपाल चिन्तन**को सारतत्ववारे संक्षेपमा भन्न सकिन्छ : नेपाली इतिहासको आधुनिक कालखण्डमा नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डतालाई प्राथमिकता दिने र त्यसलाई प्रत्याभूत गर्ने सीमाभित्रै रहेर मात्र सामाजिक परिवर्तनको सङ्घर्ष सञ्चालन गर्ने र देशको विशिष्टता अनुरूप मार्क्सवादको सृजनात्मक प्रयोग गर्ने मान्यता नेपाल चिन्तनको सारवस्तु हो । **नेकपा (माले) का विश्वदृष्टिकोण र आधारभूत मान्यताहरू मार्क्सवाद-लेनिनवाद तथा माओत्सेतुङ् बिचारधाराबाट निर्देशित छन् र नेपाल चिन्तनले यहाँ त्यस सिद्धान्तको प्रयोगलाई सृजनात्मक ढङ्गले नेपालमुखी बनाउन**

**मार्ग-सूचना गर्ने अतिरिक्त कार्य मात्र गर्दछ।**

उपरोक्त वास्तविकतालाई स्थापित गर्नको निम्ति नै हामीहरू पार्टीको सातौं राष्ट्रिय महाधिवेशनबाट मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ् बिचारधारा तथा नेपाल चिन्तनको एकीकृत बिचारप्रणालिलाई नेकपा ( माले) को मार्गदर्शक सिद्धान्तको रूपमा संस्थागत गरिरहेको छौं। यस एकीकृत बैचारिक प्रणालिमा आवद्ध **मार्क्सवाद, लेनिनवाद, माओत्सेतुङ् बिचारधारा** तथा **नेपाल चिन्तन**का भिन्न-भिन्न भूमिका, हैसियत र प्रभावकारिता रहेका छन् भनी सबैले स्पष्ट रहनु आवश्यक छ। यसका साथै **एकीकृत बिचारप्रणालिको रूपमा मात्र मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ् बिचारधारा तथा नेपाल चिन्तन नेकपा (माले) को मार्गदर्शक सिद्धान्त बनेको तथ्यप्रति पनि उत्तिकै जानकार रहनु आवश्यक रहेको छ**। नेपाल चिन्तन विशिष्ट चिन्तनकै रूपमा रहेको छ, जसको मार्गदर्शकको भूमिका नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता एवम् भूअखण्डतामा वाह्य चुनौति रहेसम्म रहिरहनेछ।

**आज नेपाल चिन्तनलाई व्यवस्थित र पार्टीमा संस्थागत गर्ने स्थानसम्म आइपुगेको छ। नेपाल चिन्तनको सारतत्ववारे संक्षेपमा भन्न सकिन्छ : नेपाली इतिहासको आधुनिक कालखण्डमा नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डतालाई प्राथमिकता दिने र त्यसलाई प्रत्याभूत गर्ने सीमाभित्रै रहेर मात्र सामाजिक परिवर्तनको संघर्ष सञ्चालन गर्ने र देशको विशिष्टता अनुरूप मार्क्सवादको सृजनात्मक प्रयोग गर्ने मान्यता नै नेपाल चिन्तनको सारवस्तु हो।**



## ७. नविन कोणबाट गरिनु पर्ने केही समीक्षा र केही निर्धारणहरू

सातौं राष्ट्रिय महाधिवेशनद्वारा मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ् बिचारधारा तथा नेपाल चिन्तनको एकीकृत बिचार प्रणालिलाई पार्टीको मार्गदर्शक सिद्धान्तको रूपमा संस्थागत गरिएपछि पार्टीले यस आधारमा नै विगतका सम्पूर्ण मान्यता र नीतिहरूको समीक्षा गर्नुपर्दछ। यो काम नगरी हामी इतिहासमा भएका भूलहरूबाट सिक्न र तिनलाई आगामी कृयाकलापमा सच्च्याउन सक्तैनौं। यहाँ यस सम्वन्धी केही महत्वपूर्ण विषयवारे संक्षेपमा चर्चा गरिन्छ।

७.१. संविधानसभाबाट नेपाली जनताले 'हाम्रो र राम्रो लोकतान्त्रिक संविधान' चाहेका भएता पनि २००७ सालताका बाह्य शक्तिहरूको हस्तक्षेपको कारण त्यसबाट कस्तो प्रतिफल आउन सक्दथ्यो भन्ने वस्तुवादी आंकलन गरेर नै त्यसबेला 'विधानसभा'को निर्वाचन गराउने कार्यनीति उचित थियो वा थिएन भनी पुनर्मूल्यांकन गरिनु पर्दछ। २००७ सालतिरको वस्तुस्थितिको अध्ययन-मूल्यांकनबाट त्यसबेला 'विधानसभा'को निर्वाचन गरिएको भए त्यसले नेपालको अस्तित्व र स्वतन्त्रता रक्षा गर्न नसक्ने देखिन्छ। त्यसबेला संविधानसभा निर्वाचनको नारा नेपालको स्वतन्त्रता र सुरक्षाको विपरित थियो भन्ने टुंगोमा पुगेपछि त्यसवेला पार्टीका नीति, नेताहरूको भूमिका, सङ्घर्ष र आन्दोलनबारे पुनर्विचार गरिनु पर्छ, जुन काम महाधिवेशन पश्चात् व्यवस्थित ढङ्गले गरिने छ।

**७.२.** नेपालका राजनीतिक पार्टीहरूले गरेका शान्तिपूर्ण वा हिंसात्मक आन्दोलनप्रति वाह्य शक्तिहरूबाट गरिएका समर्थन र सहयोगबारे पनि पुनर्विचार गरिनु पर्दछ। इतिहासका विभिन्न कालखण्डमा नेपाली पक्षले कुन विषयमा कति समर्थन र सहयोग ग्रहण गर्नु उचित थियो या थिएन भनी समीक्षा गरिनु पर्छ, ताकि भविष्यमा विगतमा भएका गल्तीहरू नदोहोरियुन। यही सन्दर्भमा विपी कोइरालाको **'राष्ट्रिय मेलमिलाप र न सङ्घर्ष नत समर्पण'** को नीति, तत्कालिन राजा वीरेन्द्रद्वारा प्रस्तावित

**'नेपाललाई शान्तिक्षेत्र घोषित गर्ने'** नीति, माओवादी सशस्त्र सङ्घर्ष, देशमा सृजित जातीय क्षेत्रीय आन्दोलन, मधेश आन्दोलन, आदिबारे नेपाल चिन्तनको आधारमा थप गहिराइका साथ अध्ययन-मूल्यांकन गरिनु पर्दछ।

**७.३.** मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधारा तथा नेपाल चिन्तनको मार्गदर्शनमा पार्टीले पुष्पलाल श्रेष्ठ, विपी कोइराला, कृष्ण प्रसाद भट्टराई, गणेशमान सिंह, मदन भण्डारी लगायतका तत्कालिन नेताहरू, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शम्भुराम श्रेष्ठ, मातृका प्रसाद कोइराला, टंक प्रसाद आचार्य, डिल्लीरमण रेग्मी, के.आई. सिंह आदि दीवंगत नेताहरू र अन्य जीवित रहनु भएका नेताहरूका विचार र योगदानहरूबारे पनि नयाँ स्तरबाट अध्ययन र समीक्षा गर्नुपर्दछ। यस सङ्गसङ्गै राष्ट्रिय एकीकरणका सामन्ती नायक पृथ्वीनारायण शाह, राजा महेन्द्र तथा राजा वीरेन्द्र र जङ्गवहादुर राणा आदिका नीति, विचार र कार्यहरूबारे पुनः अध्ययन र समीक्षा गरिनु पर्दछ। नेपालको सुरक्षा, स्वतन्त्रता, सार्वभौम सत्ता तथा भूअखण्डताको प्रबर्द्धनको पक्षमा जोसुकैबाट भएका धेरथोर सवै योगदानलाई कदर गर्नुपर्दछ।

**७.४.** सात सालतिर संविधानसभामार्फत सिङ्गै नेपाललाई विलय गर्ने विदेशी रणनीति बनेका देखिन्छ। सन् १९७५ देखि नेपालको तराईलाई टुक्र्याएर विलय गर्ने र बाँकी भागलाई त्यसपछि विलय गर्ने विदेशी रणनीति बनेको देखिन्छ, जुन अध्यावधि क्रियाशील छ। नेपाली जनता, पार्टी र सरकारको विरोध र अन्तर्राष्ट्रिय दवावको कारण वर्तमान विदेशी रणनीति अर्थात खण्डित गर्दै नेपाललाई विलय गर्ने रणनीति असफल बनेको अवस्थामा अर्को बैकल्पिक नेपाल-विरोधी विदेशी रणनीति निश्चितरूपमा बन्ने छ। त्यो रणनीति देशभित्रैबाट नेपालको नियन्त्रण र विलयलाई प्रोत्साहित गर्ने चरित्रको हुन सक्दछ। त्यसकारण यसप्रति देशका राजनीतिक पार्टीहरू र नेपाली जनताले सावधान रहनु पर्दछ। यस रणनीति अन्तर्गत नेपाली जनताको राजनीतिक र राष्ट्रिय चेतनालाई भुत्ते पार्ने योजना रहन सक्तछ। हिजोआज संविधानसभाले नेपालका सवै राजनीतिक मुद्दालाई समाप्त पारेको छ र बाँकी रहेको एकमात्र काम आर्थिक विकास गर्नु हो र त्यसमार्फत



आर्थिक राष्ट्रवादको निर्माण गरिनुपर्छ भन्ने प्रचार गरिदै छ। यो थोरै सचाइमा धेरै झुट कुराहरू मिसाएर गरिएको गलत प्रचारमात्र हो।

नेपालमा अझै पनि जातीय पहिचानको मुद्दा र राष्ट्रियताको मुद्दा सम्वोधन हुन बाँकी रहेका छन्। जातीय पहिचानलाई संविधान र कानुनद्वारा सम्वोधन गरिनु समानता एवम् समावेशीतालाई प्रभावकारी ढङ्गले लागू गर्न निम्ति मात्र होइन, राष्ट्रिय सुरक्षाको निम्ति पनि उत्तिकै आवश्यक विषय हो। जनमतको वलमा वर्तमान संविधानमा संशोधन गरी यसलाई समाधान गर्नुपर्दछ।

सीमानाका कुरा समाधान भएका छैनन्। लिम्पियाधुरादेखि पूर्व २५३ वर्ग माइल जग्गा २०१८ सालपछि भारतको कब्जामा छ र नेपालको भूमि लिपुलेक समेतमाथि भारतको दावी छ। सुस्ताको सीमा विवाद मिलेको छैन र नेपाल भारत-सीमानाका ७१ स्थानमा सीमा-अतिक्रमण भएको छ। सीमानाको मुद्दा राजनीतिक मुद्दा हो। यो राष्ट्रियताको मुद्दा हो। देशको सार्वभौमसत्ता एवम् भूअखण्डतालाई चुनौती दिइदैछ। यो पनि राजनीतिक मुद्धा र राष्ट्रियताको मुद्दा हो। यिनीहरूलाई जनमतको आधारमा सृजित हुने जनशक्तिको बलमा सम्वन्धित पक्षसँगको दरो-खरो वार्ताद्वारा समाधान गरिनु पर्छ। यी सँगसँगै नेपालको राष्ट्रिय हित र स्वतन्त्रतालाई बलियो वनाउन निम्ति जनजागरण बढाउनु आवश्यक छ।

नेपालको विशिष्ट भूराजनीतिक अवस्थितिमा असङ्लग्नता र तटस्थताको नीति अनि विकास तथा राष्ट्रिय सुरक्षालाई समेत मध्यनजरमा राखी सङ्घीय प्रदेशहरूको सीमाङ्कन गरिनुपर्छ, जसको निम्ति 'आधारभूतरूपमा विगतका पाँच विकास क्षेत्रहरूलाई नै वर्तमानमा पाँच सङ्घीय प्रदेशमा रूपान्तरण गरिनुपर्छ' भन्ने नेकपा (माले) को प्रस्ताव रहेको छ।

उपरोक्त काम गर्दै पार्टीको कार्यदिशा अनुसार समाजको अग्रगामी सामाजिक-आर्थिक परिवर्तन गर्ने सङ्घर्षलाई अघि बढाउनु आवश्यक छ। व्यापार तथा पारवहनमा विविधता अनि स्वतन्त्रता र आत्मनिर्भरताको आधारमा देशको समृद्धि निर्माणको सङ्घर्षलाई सचेतन ढङ्गले अघि बढाउनु पर्दछ। यी काम गर्दै हामीले भित्रैबाट देशलाई नियन्त्रण र विलयमा लाने नयाँ विदेशी रणनीतिलाई असफल बनाउने सङ्घर्ष गर्नु पर्दछ।

उपरोक्त मुद्दाहरू नै संविधान जारी (३ असोज, २०७२) गरिए पश्चात नेपालमा बाँकी रहेका अग्रगामी परिवर्तनका मुद्धा हुन्। देशका सवै मुद्धाहरू समाधान भए अब आर्थिक विकार मात्र गर्न बाँकी छ र आर्थिक राष्ट्रवादको निर्माण नै आजको आवश्यकता हो भन्ने विचार एकपक्षीय, हानीकारक र राष्ट्रघाती बिचार हो। नेपाल चिन्तनले आज हामीलाई यही मार्गनिर्देश गरिरहेको छ।

**७.५** नेकपा (माले) ले यसप्रकार नेपाल चिन्तनलाई व्यवस्थित गर्दै मार्क्सवाद-लेनिनवाद तथा माओत्सेतुङ् विचारधाराको प्रयोगलाई सृजनात्मक रूपले नेपालमुखी बनाउने, सातौं राष्ट्रिय महाधिवेशनबाट मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ् विचारधारा तथा नेपाल चिन्तनलाई आफ्नो मार्गदर्शक सिद्धान्तको रूपमा संस्थागत गर्ने, यसको आधारमा विगतको विस्तृत समीक्षा गर्ने र गलतढङ्गले व्यापकरूपमा फैलाइएका विभिन्नखाले भ्रमहरूलाई चिर्ने अभियान चलाउने निर्णय गरे पश्चात देश भित्रका सङ्कीर्णतावादी तथा प्रतिकृयावादी तत्वहरू र वैदेशिक तावेदारहरू, प्रभुत्ववाद एवम् साम्राज्यवादका पक्षपोषकहरूले नानाप्रकारका आरोप लगाउदै यसको विरोध गर्न शुरु गर्नेछन्। उनीहरूले नेकपा (माले) ले लिएको **नेपाल चिन्तन**लाई व्यवस्थित र जनतामा स्थापित गर्ने पहलकदमीलाई यथास्थितिवाद, पूर्वाग्रह-पीडित विचार, नेपालका मधेश तथा मधेशी विरोधी र अमूक देशविरोधी विचार भनी विरोध गर्न र जनतालाई दिग्भ्रमित पार्न थाल्नेछन्। नेपाल चिन्तनको अपव्याख्या र विरोध शुरु गरिने छ। यसको अस्तित्व र मार्गदर्शक क्षमतावारे प्रश्न उठाइने छ। तर देशभक्त परिवर्तनवादी नेपालीहरूले सङ्कीर्णतावादी, प्रतिकृयावादी र वैदेशिक तावेदारहरूका उपरोक्त भ्रम-प्रचार र विरोधबाट अत्तालिनु हुँदैन। **"नेपाल चिन्तन-एक मार्गदर्शक"**ले यस सम्बन्धमा अघि सारेका विश्लेषण, परिभाषा र निर्धारणहरूलाई आत्मसात गर्दै यिनका आधारमा बहस चलाउदै नेपाल चिन्तनलाई विस्तृत र परिमार्जित गर्दै लानु पर्दछ। यसले हाम्रो सृजनशीलताको माग गर्दछ, जसको प्रदर्शन गर्न सवै देशभक्त जनता, वुद्धिजीजी र नेता-कार्यकर्ताहरू सक्षम छन् र वैचारिक सङ्घर्षमा सफलता प्राप्त गरिछाड्ने छन्।

**७.६ निष्कर्श :** समाधान नभइसकेका मुद्दाहरूलाई सम्वोधन गर्नको निम्ति माथि उल्लेख गरिएका काम र सङ्घर्ष गर्दै जनतालाई चौथो राजनीतिक



क्रान्तिको अर्थात नयाँ जनवादी क्रान्तिको रणनीतिक लक्ष्य हासिल गर्ने दिशातर्फ अघि बढाऔं। त्यसको निम्ति **मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ् विचारधारा तथा नेपाल चिन्तन**को मार्गदर्शनमा सम्पूर्ण पार्टी पङ्तिलाई प्रशिक्षित, प्रतिवद्ध र सक्रिय बनाऔं। **नेपाल चिन्तन**को अर्थ, महत्व र समय सान्दर्भिकतालाई मनन गरौं, यसवारे व्यापक जागरण ल्याऔं। जागरुकता, प्रतिवद्धता र सक्रियताका साथ जनतालाई सामाजिक परिवर्तनका मुद्धामा पार्टी-नीति अनुरूप गोलवन्द गर्ने र सङ्घर्षको मैदानका साथै संसदीय मोर्चामा समेत उतार्ने काम निष्ठा र सकृयतापूर्वक गर्छौं भने हामी जनशक्ति निर्माण गर्ने उद्देश्यमा सफल हुनेछौं र आमूल परिवर्तन गर्ने लक्ष्य प्राप्त गरिछाड्नेछौं; देशमा नयाँ जनवाद/लोकजनवाद स्थापना गर्दै बैज्ञानिक समाजवादमा पदार्पण गर्ने काममा सफल भइछोड्ने छौं। लालसलाम ! धन्यवाद !!

---

## *खुट्टे टिप्पणीहरू: ...........*

*१. **नेपालका प्राचीन सभ्यताहरू :** प्राचीन कालदेखि नै नेपालकमा धेरै जातिका मानिसहरू आए, बसोबास गरे एवम् आफ्नो समयमा एउटा सभ्यताको विकास गरे र उनीहरू तिरोहित भए। यस प्रकार यहाँ नेपालको भिन्न-भिन्न स्थानमा केन्द्रित भएका सभ्यता**हरू कुनै एउटै समयमा र कतिपय अर्को समयमा हुर्किएर विकसित भए। त्यस प्रकारका सभ्यताहरू मिलेर अनि आपसमा मिसिएर कालान्तरमा नेपाली सभ्यताको निर्माण र विकास** भयो। तिनीहरू हुन् : किराँत सभ्यता, मिथिला सभ्यता, कौशिकी सभ्यता, लुम्विनी सभ्यता, सिञ्जा सभ्यता र वागमती सभ्यता।*

*__किराँत सभ्यता :__ प्राचीन कालमा किराँतहरूले खशआर्य र मधेशी आर्यहरूको विकास सँगसँगै यस क्षेत्रमा आई बसोबास र सभ्यता विकास गरे। किराँत जनसमुदाय एउटा सभ्य जाति थियो। उनीहरूले काठमाडौं उपत्यकामा महिषपाल जनगणको शासनलाई हटाई आफ्नो शासन कायम गरेका थिए। गणनायक यलम्वरवाट सुरु गरी उनीहरूले काठमाडौं उपत्यकालाई केन्द्र वनाई ३२ पुस्ता अर्थात् ई.पू.१७१८ देखि इ.१८५ सम्म अर्थात् १९०३ वर्ष यहाँ राज्य गरे। (प्रा.डा.जगदीशचन्द्र रेग्मी; **प्राचीन नेपालको सङ्क्षिप्त किरात इतिहास**) लिच्छवी राजा जय बर्मावाट पराजित भएपछि किराँतहरू काठमाडौंपूर्व लागी विभिन्न स्थानहरूमा ससाना थुम राज्यहरू गठन गरी बसोबास गर्न थाले। विक्रमीको १९ औं शताब्दीको सुरूतिर पूर्वी नेपालका किराँत मूलका दशवटा थुम राज्यहरू मिली विजय नारायण सेनको नेतृत्वमा संचालित राज्य वनेको थियो, जो विसं १८३१ मा पृथ्वी नाराणको सेनाद्वारा नेपालमा एकीकृत भयो।*

*राज्य गठन र सञ्चालनको लामो अनुभव भएको, विकट पहाडी क्षेत्र र कुना-कन्दराहरूमा विविधतायुक्त जाति समुदायहरू रहेको समाजको सञ्चालन गर्ने किराँतीहरूका आफ्नै विशिष्ट संस्कार, परम्परा, प्रणाली र सभ्यता छन्। उनीहरूको भाषा-साहित्य पनि*

समृद्ध छ । तर यी सबैको यथोचित अध्ययन-अनुसंधान हुन सकेको छैन, जसलाई सम्पन्न गर्न सके नेपाली सभ्यता झन समृद्ध हुनजानेछ ।

**मिथिला सभ्यता :** वर्तमान जनकपुर अञ्चलको धनुषामा केन्द्र रहेको वैदिक वा आर्यावर्तीय आर्य जनगणले सञ्चालन गरेको मिथिला राज्यको इतिहास आजभन्दा चार हजार वर्ष परसम्म गएको छ । मनुका पुत्र **निमि**ले स्थापना गरेको राज्य उनका अत्यन्त लोकप्रिय छोरा राजा **मिथि**को नामवाट **मिथिला** नाम प्रसिद्ध हुन गयो, जसलाई प्रसिद्ध गणनायक माधव विदेहको नामवाट 'विदेह' पनि भनिन्थ्यो । पूर्वमा कोशी, पश्चिममा गण्डकी (नाराणणी), उत्तरमा हिमालयन र दक्षिणमा गङ्गाको किनारबीचको भूभाग प्राचीन मिथिला राज्य थियो । मिथी वंशका २३ औं राजा शीरध्वज जनकको पुत्री सीताको अयोध्याका युवराज रामसँग स्वयम्वर विवाह भएको थियो । उनकै समयमा मिथिला सभ्यता उत्कर्षमा पुगेको थियो, जसको दरवारमा विद्वान अष्टावक्र, याज्ञवल्क्य, गार्गी जस्ता विद्वान् र विदुषीहरू शास्त्रार्थको निम्ति आउजाउ गर्दथे । सिद्धार्थ गौतम बुद्धको समय (जन्म ई.पू.५४३) मा मिथी देशका अन्तिम राजा जसलाई महावंशी वा कराल पनि भनिन्छ, को जनविद्रोहबाट पतन भएपश्चात् मिथिवंशको राज्य नै अन्त्य भयो । त्यसपछि त्यहाँ केही समय जनतन्त्रात्मक शासन चल्यो, पछि त्यो 'वृज्जी सङ्घ'मा सामेल भयो, पछि कुशानवंशी अजातशत्रुले मिथिलालाई आफ्नो राज्यमा मिलाए र त्यो हर्षवर्द्धन एवम् अरुणाश्वको राज्य मातहत हुदै वि.सं ११५४ मा कर्णाटकवंशी राजा न्यान्यदेवले मिथिलालाई कब्जा गरी मिथिलाकै भूभाग सिमरौनगढलाई राजधानी बनाएर तिरहुत राज्य चलाए जसलाई डोय राज्य पनि भनिन्थ्यो । राजा हरिसिंहदेवको समयमा वि.सं १३८१ मा दिल्लीको सम्राट गयासुद्धीन तुगलकको फौजसँग युद्ध हुँदा तिरहुत राज्य पराजित भई त्यसको अवसान भयो । त्यसको केही वर्षपछि मिथिला चौदण्डीको सेन राज्य अन्तर्गत आयो ।

प्राचीन राज्य मिथिला समृद्धि, ज्ञान र विद्याको केन्द्र थियो । यहाँ पहिले सँस्कृत र पछि मैथिली भाषा प्रचलित थियो । दर्शन, साहित्य, कला, समाज सञ्चालन, अनुशासन, न्याय आदि बिषयमा मिथिला समृद्ध छ, जसले अरुलाई पनि शालिनता र सभ्यताको ज्ञान दिएको छ ।

**कौशिकी सभ्यता :** यस सभ्यताको क्षेत्र पूर्वमा असम (कामाख्या), पश्चिममा कोशी, उत्तरमा चुरे पहाड र दक्षिणमा चम्पारनभित्र रहेको मानिन्छ । यहाँ किराँत र आर्यहरूको समन्वयको सभ्यता विकसित भएको थियो । यहाँ हालका मोरङ, सुनसरी र विजयपुरलाई वराह क्षेत्र भनिन्छ । भेडियारी (विराटनगर आसपासको क्षेत्र) वाट प्राप्त पुरातात्विक सामाग्रीहरूले यस क्षेत्रको सभ्यता सुङ्कालीन सभ्यताको समकक्षी रहेको देखाउँछन् ।

**लुम्बिनी सभ्यता :** कपिलवस्तुको शाक्य गणराज्य लुम्बिनी सभ्यताको केन्द्र रहेको मानिन्छ । साङ्ख्यदर्शक प्रवर्तक कपिल मुनिको तपोभूमि भएकोले यसलाई कपिलवस्तु भनिएको मानिन्छ । बौद्ध ग्रन्थहरूको वर्णन अनुसार साकेतवाट आएर कपिल मुनिको क्षत्रछायामा सालबन फडानी गरी बसोबास गर्ने क्षेत्रीयहरूलाई शाक्य मानिएको छ । तिनै शाक्यहरूको कुलमा ई.पू.५४३ मा गणनायक (राजा) शुद्धोधन र रानी मायावतीको कोखबाट जन्मेका छोरा सिद्धार्थ गौतम बुद्धको नामबाट विश्वविख्यात मात्र होइन, आजसम्म पनि अत्यन्त प्रभावशाली बनेको बौद्ध सँस्कृतिका प्रणेता बन्न पुगे । गौतम बुद्ध जीवित रहेकै समयमा श्रावस्तीका राजा विरुढकले



निर्ममतापूर्वक भीषण आक्रमण गरी समृद्ध कपिलवस्तुलाई तहश-नहश पारे, जसवाट शाक्य गणराज्को अवसान हुन पुग्यो, तर बुद्धले सुरु गरेको धर्म-संस्कृति विश्वव्यापी बनिरहेको छ ।

**सिञ्जा सभ्यता :** सिञ्जालाई राजधानी वनाएर वि.सं. ११४० देखि १४४८ सम्म पश्चिमी नेपालमा विशाल खश साम्राज्य कायम थियो, जसको पूर्वी सीमाना गण्डकी नदी, पश्चिमी सीमाना कुमाउ, उत्तरी सीमाना हिमाल पारि तिब्वतको पुराङ एवम् गुँगे क्षेत्र र दक्षिणी सीमाना गङ्गा नदीको तीरसम्म फैलिएको थियो । यो राज्यको निर्माता खशमूलका राजा नागराज (विसं. ११४०) र अन्तिम खश राजा अभय मल्ल (वि.सं.१४४३-४८) थिए । सिञ्जाको खश सभ्यता व्यापक र वहुआयमिक छ । खश साम्राज्यको विघटन (वि.सं.१४४८) हुनुभन्दा ६७ वर्ष अघि (वि.सं. १३८१) मा तिरहुत राज्यको पतन भैसकेको थियो भने नेपाल-मण्डल पनि ससाना राज्यहरूमा विभक्त भइरहेको थियो । पछि गोर्खाका राजा पृथ्वीनारायण शाहले विसं. १८०१ मा सुरु गरी उनका उत्तराधिकारीहरूले १८७२ सम्ममा ६२ टुक्रामा विभक्त राज्यहरूलाई जोडी वर्तमान नेपालको एकीकरण गरेका हुन् । नेपालको एकीकरण, सञ्चालन र भविष्यवारे सिञ्जा सभ्यताको र खश जातीको ठूलो भूमिका रहेको छ, जसको पर्याप्त अध्ययन अझै हुन सकेको छैन ।

**वागमती सभ्यता :** यो सभ्यता नेपालमण्डलको सभ्यता हो, जसको निर्माण गोपालवंशी, महिषपालवंशी, किराँतवंशी, लिच्छवीवंशी, वैश्य-ठकुरी, मल्ल र खशवंशी शाह राज्यकालको लामो समय लगाएर भएको हो । यो सभ्यता नेपाली सभ्यताको चुरो बनेर रहेको छ, जसको व्यापक एवम् शिलशिलेवार अध्ययन हुनु आवश्यक छ । सारांशमा नेपाली सभ्यताका उपरोक्त ६ वटै घटक सभ्यताहरूको अलग-अलग मात्र होइन, एकीकृत अध्ययन-अनुसन्धान गर्दै नेपाली साझा सभ्यतालाई अझ समावेशी, अझ समृद्ध र अझ फराकिलो बनाउने जिम्मेवारी वर्तमान र आगामी पीढिका जागृत नेपालीहरूको काँधमा आएको छ ।

**२.आधुनिक नेपाल :** पूर्व प्राचीन, प्राचीन र मध्यकालपछि गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तारको क्रममा वि.सं. १८०१ मा कान्तिपुर राज्यको क्षेत्र नुवाकोट विजय गरेको वि.सं.१८०१ देखि यताको नेपाली इतिहासको कालखण्डलाई आधुनिक नेपालको कालखण्ड मानिएको छ । यस आधुनिक कालखण्डमा नै नेपालले आफ्नो अस्तित्वमा निम्न पाँचपटक चरम सङ्कट भोगेको छ - एकीकरणको समयमा ब्रिटिश-भारतको आक्रमणवाट विसं. १८२४ र १८७०-७२ मा, २००७ को "पहिलो दिल्ली सम्झौता"बाट, भारत-सोभियतसङ्घको २० वर्षे गठबन्धन भएपछि वि.सं.२०३०-३५ र माओवादी एवम् मधेशी आन्दोलनद्वारा संविधानसभा र सङ्घीयता नेपालमा भित्रिएपछि आजसम्म सङ्कटहरूको कारण ब्रिटिस उपनिवेशवाद र भारतीय विस्तारवाद रहेका छन् ।

**३.नेपालको भविष्य झन् जोखिमपूर्ण:** नेपाल भौगोलिक र राजनीतिकरूपले दुईजोडी शक्ति-राष्ट्रहरूको वीचमा अवस्थित छ । नेपालमा हुने राजनीतिक घटनाक्रमहरूको विषयमा आआफ्नो चासो रहेको कुरा भारत, संयुक्त राज्य अमेरिका र जनगणतन्त्र चीनले पटक-पटक खुलासा गरिसकेका छन् । विश्वको उदयीमान शक्ति जनगणतन्त्र चीनको सङ्घीय गणतन्त्र रुस, इस्लामिक गणतन्त्र पाकिस्तान लगायतका मित्र मुलुकहरूसँग समिकरण बढिरहेको छ र

चीनले नेपाल-चीन सम्वन्धलाई पनि रणनीतिक स्तरको सम्वन्ध मानेको छ । ओह्रालो लागेको भएपनि विश्वको एउटा अन्तिम महाशक्ति संयुक्त राज्य अमेरिका युरोप र एशिया-प्रशान्त क्षेत्रका आफ्ना संश्रयकारी देशहरू सँगसँगै भारत सँगको आफ्नो सम्वन्धलाई रणनीतिक स्तरमा बढाएको छ । यसप्रकार चीन र संयुक्त राज्य अमेरिकाको नेतृत्वमा दुईखाले शक्ति-समिकरणले बिस्तारै आकार लिइरहेका छन् । यस्तो विश्वस्तरको शक्ति-समिकरणको बीचमा रहेको नेपालको निम्ति भविष्य चुनौतीपूर्ण वनेको छ । आफ्नो परम्परागत नीति असंलग्नता र तटस्थताको आधारमा नेपालले होशियारीपूर्वक पञ्चशील अनुरूपको सन्तुलित विदेश नीति अपनाउन नसेकको अवस्थामा विश्व-शक्ति राष्ट्रबीचको द्वन्दमा फस्न पुग्ने अर्थात देश अस्थीरता, द्वन्द्व र अशान्तिको खेल-मैदानमा परिणत हुन सक्ने जोखिमपूर्ण अवस्थावाट गुज्रिरहेको छ । यसलाई सवै जिम्मेदार दलहरू, जनता तथा सरकारले वुझ्नु अत्यावश्यक बनेको छ ।

**४.नेपाली इतिहासको काल-विभाजन :** नेपाली इतिहासको लिच्छवी शासनकाल अर्थात् विसं २४२ देखि ९३६ सम्मको ६९४ वर्षको अर्थात् करिव सातसय वर्षको कालखण्डलाई **प्राचीनकाल** मानिन्छ । पहिलो वैश्य-ठकुरी शासनकाल (वि.सं ९३६ देखि १०९८ सम्म), दोस्रो वैश्य-ठकुरी शासनकाल (विसं १०९८ देखि १२५६ सम्म), पहिलो मल्लकाल (विसं १२५७ देखि १४११ सम्म) र दोस्रो मल्लकाल (विसं १४११ देखि १५३८ सम्म), विशेषतः यक्ष मल्लसम्मको कार्यकाललाई **पूर्वमध्यकाल** मानिन्छ । दोस्रो मल्लकाल (विसं १५३९ देखि १८०० सम्म) को कालखण्डलाई **उत्तरमध्यकाल** मानिन्छ । पृथ्वीनारायण शाहले वि.सं १८०१ मा नुवाकोट विजय गरी राष्ट्रिय एकीकरणको अभियान अघि बढाएदेखि यताको कालखण्डलाई **आधुनिक काल** मानिन्छ । लिच्छवी शासनकालभन्दा पहिले गोपालवंशी, महिषपालवंशी र किरात शासनकाललाई सजिलोको लागि **पूर्व प्राचीनकाल** भन्न सकिन्छ ।

**५.नेपाल विभाजनको प्रकृया :** लिच्छवीकालमा असमको कामाख्यादेखि कश्मिरसम्म र हिमालदेखि गङ्गासम्म फैलिएको नेपाल पूर्वमध्यकालमा तीनवटा राज्य-नेपालमण्डल, तिरहुत र खश साम्राज्यमा विभक्त भयो । तिरहुत राज्य बाहेकका अन्य दुई राज्यमा केन्द्रले क्षेत्रीय शासकहरू नियुक्त गरी शासन गर्ने परिपाटी अपनाएको पाइन्छ । एक कोणवाट हेर्दा यो केन्द्रीकृत प्रणालीभन्दा विकेन्द्रीकृत र तुलनात्मक उदार प्रणाली जस्तो लागे पनि यस प्रणालीले नेपालमा विद्यमान सामन्ती ब्यवस्था र कठीन भौगोलिक अवस्थामा देशको एकता र अखण्डतालाई जोगाउन सकेन । केन्द्र कमजोर बनेको अवस्थामा शक्तिशाली वनेका क्षेत्रीय सामन्ती शासकहरूले केन्द्रविरुद्ध विद्रोह गरी आफ्नो स्वतन्त्र राज्य खडा गर्न पुगे । परिणामतः **उत्तरमध्यकाल**को आखिरी समयमा अर्थात् विक्रमीको अठारौं शताव्दीको अन्त्य सम्ममा नेपाल ३ बाट ६२ वटा राज्यहरूमा टुक्रिन पुग्यो ।

**६. सातसाल पछिको नेपालमा बाह्य हस्तक्षेपको अवस्था :** विसं २००७ सालमा भएको 'पहिलो दिल्ली सम्झौता'ले नेपालमा भारतको नाङ्गो हस्तक्षेपको बाटो खुल्यो । उक्त सम्झौताले नेपालको राजगद्दीमा पुनः आसीन भएका राजा त्रिभुवनको निजी सचिव भारतीय आइ.ए.स. अफिसर बनेका थिए । नेपालको राणा-कांग्रेस संयुक्त सरकारको क्याविनेट वैठकमा भारतीय राजदूतले भाग लिन्थे । 'भारतीय सैनिक मिशन'ले सुधार र पुनर्गठनको नाउँमा नेपाली सेनालाई घटाउने र आफ्नो प्रभावमा राख्ने काम गरेको थियो । नेपाली कांग्रेसका



भद्रकाली मिश्रजस्ता कैयौं नेता नेपालको सुरक्षाको निम्ति भारतीय सेना ल्याउने सार्वजनिक वकालत गर्थे । जनता अशिक्षाको घोर अन्धकार र पछौटे अवस्थामा थिए । राजनीतिक पार्टीहरू शैशव कालमै थिए- नेतृत्वमा अपरिपक्वता र पङ्तीमा पछौटेपन ब्याप्त थियो । सत्ताच्युत राणा शासकहरूमा शाह राजाप्रति प्रतिशोधको भावना प्रवल थियो । यस्तो स्थितिमा सम्झौता अनुसार २००८/०९ सालमा 'विधान सभा'को निर्वाचन भएको भए त्यसले नेपालबाट राजतन्त्र हटाउने र नेपाललाई भारतमा गाभ्ने निर्णय गर्ने निश्चित थियो ।

**७. तराई/मधेशलाई विलय गर्ने विदेशी रणनीति :** सातसालको राजनीतिक परिवर्तन पश्चात २००८/०९ सालमा पहिलो 'दिल्ली सम्झौता'मा लेखिए अनुसार 'विधानसभा'को निर्वाचन गराएको भए त्यसको निर्णयद्वारा त्यसवेला नै भारतमा नेपालको विलय भइसक्ने देखिन्छ । तत्कालिन राजा महेन्द्रको सचेतन कार्यद्वारा सो आत्मघाती दुर्घटना टर्नगयो । त्यसपछि भारतले छिमेकी चीन र पकिस्तानसँगको द्वन्द र धेरै आन्तरिक झमेलाहरू समेत झेल्नुपऱ्यो र नेपालमा अस्थीरता सृजना गर्ने रणनीतिमा मात्र लागिरह्यो । १९७० को अगस्टमा भारतले इन्दिरा गान्धीको नेतृत्वमा तत्कालिन सोभियतसङ्घसँग २० वर्ष रणनैतिक सन्धि गऱ्यो । यसबाट उनको महत्वाकांक्षाले ठूलो सम्वल पायो र सार्वभौम स्वतन्त्र देश पाकिस्तान भारतीय सैनिक हस्तक्षेपद्वारा प्रजातान्त्रिक सङ्घर्षको क्रममा टुक्रियो र आफ्नै संविधानसभाको निर्णयद्वारा सिक्किम भारतमा विलय भयो । त्यही शिलशिलामा भारतको नेपाल-रणनीतिले स्पष्ट नयाँ आयाम लिनपुग्यो । त्यो नयाँ आयाम भनेको नेपाललाई विखण्डित गर्दै विलय गर्ने रणनीति नै थियो । यस कुरालाई भारतीय र'अका पूर्व हाकिम **आर.के. यादव**ले लेखेको **"मिशन र'अ"** नामक पुस्तकमा उनले उद्धृत गरेको र'अका संस्थापक एवम् तत्कालिन प्रमुख **आर.एन. काओ**को तलको भनाइले पुष्टि गर्दछ ।

आर.के.यादवले लेखेका छन् **"भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले नेपालको तराईमा बढिरहेको चीनको उपस्थितिबाट धेरै असजिलो महशुस गर्न थालेकोले मैले सिक्किम विलय पश्चात् नेपालको तराई क्षेत्रलाई विखण्डित गर्ने योजना वनाएको थिएँ भनेर काओले मलाई भन्नु भयो । उनले** (काओले) **१९७५ मा नै भारतमा माओवादीहरूको खतरा देखेका थिए, जस्ले आज भारतमा ठूलो सुरक्षा चुनौति सृजना गरिरहेको छ । यस्तो भएता पनि सिक्किमको भारतीय सङ्घमा भएको विलयपश्चात् इन्दिरा गान्धीले १९७५को जूनमा भारतमा सङ्कटकाल घोषणा गरेपछि उत्पन्न राजनीतिक उथलपुथलले गर्दा नेपालको तराईलाई विलय गर्ने योजना पन्छियो । उनले अधिकांश विपक्षी नेताहरूलाई गिरफ्तार गरिन् र आन्तरिक राजनीतिक झञ्झटले अन्य क्षेत्रीय योजनाहरू बनाउन उनलाई बाधा गऱ्यो । दुर्भाग्यवश, १९७७ को आम निर्वाचनमा इन्दिरा गान्धी पराजित भइन् र उनको पार्टी सत्तामा आउन सकेन, र तराईलाई विलय गर्ने काओको कार्वाही र अन्य जिम्मेवारीहरू कार्यान्वयन हुन सकेनन् । (आर.एन्. काओसँग भएको कुराकानीमा आधारित)"** (पृष्ठ २६३, "मिशन र'अ, लेखक-आर.के.यादव, र'अका पूर्व हाकिम, मानस पब्लिकेशन्स, दरियगञ्ज, नयाँ दिल्ली, भारत, सन् २014)"